# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) राप्ती उपत्यका (देउखुरी), नेपाल मंसिर २१ गते, २०८० साल (अतिरिक्ताङ्क २२

# भाग १

## लुम्बिनी प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

नेपालको संविधान बमोजिम लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०८० सालको ऐन नं ०३**

**<u>प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>**

**प्रस्तावनाः** प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धी कानूनी व्यवस्था गरी सो सेवालाई सक्षम, सेवामूलक, प्रतिस्पर्धी, व्यावसायिक, तटस्थ, निष्पक्ष, नतिजामूलक, उत्तरदायी एवम् प्रभावकारी बनाउन, वृत्ति विकास पथलाई व्यवस्थित गर्न र सुशासनयुक्त संयन्त्रको रुपमा विकास गरी संघीय शासन प्रणालीलाई कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश निजामती सेवा ऐन, २०८०" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"अख्तियारवाला"** भन्नाले दफा १६ बमोजिम नियुक्ति र पदस्थापना गर्न सक्ने अधिकारी सम्झनु पर्छ।

(ख) **"कार्यालय प्रमुख"** भन्नाले कार्यालयको प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारी सम्झनु पर्छ र सो शब्दले विभागीय प्रमुखलाई समेत जनाउनेछ।

(ग) **"तलब"** भन्नाले निजामती कर्मचारीले मासिक रुपमा पाउने तलब र तलब वृद्धि (ग्रेड) सहितको रकम सम्झनु पर्छ।

(घ) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) **"निजामती कर्मचारी"** भन्नाले प्रदेश निजामती सेवाको पदमा बहाल रहेको व्यक्ति सम्झनु पर्छ।

(च) **"परिवार"** भन्नाले निजामती कर्मचारीसँग बस्ने तथा निज आफैले पालनपोषण गर्नुपर्ने पति वा पत्नी, छोरा, अविवाहित छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु वा आमा सम्झनुपर्छ र सो शब्दले पुरुष र अविवाहिता महिला कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा विवाहित महिलाको हकमा सासू, ससुरालाई समेत जनाउँछ।

(छ) **"प्रदेश"** भन्नाले लुम्बिनी प्रदेश सम्झनु पर्छ।

(ज) **"प्रदेश किताबखाना"** भन्नाले निजामती कर्मचारी तथा प्रदेश अन्तर्गतका अन्य सरकारी सेवा र स्थानीय सेवाका कर्मचारीको अभिलेख राख्ने निकाय सम्झनु पर्छ।

(झ) **"प्रदेश निजामती सेवा"** भन्नाले दफा ४ बमोजिम गठित प्रदेश निजामती सेवा सम्झनु पर्छ।

(ञ) **"प्रदेश लोक सेवा आयोग"** भन्नाले लुम्बिनी प्रदेशको प्रदेश लोक सेवा आयोग सम्झनु पर्छ।

(ट) **"प्रदेश सरकार"** भन्नाले लुम्बिनी प्रदेशको मन्त्रिपरिषद्लाई सम्झनु पर्छ।

(ठ) **"प्रमुख निकाय"** भन्नाले प्रदेश सरकारले कर्मचारी प्रशासन हेर्न तोकेको केन्द्रीय कर्मचारी निकाय (सेन्ट्रल पर्सोनेल एजेन्सी) वा मन्त्रालय सम्झनु पर्छ र प्रदेश

सरकारले नतोकेको अवस्थामा सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई जनाउँछ।

(ड) **"प्रमुख सचिव"** भन्नाले दफा ११२ बमोजिमको लुम्बिनी प्रदेश सरकारको प्रमुख सचिव सम्झनु पर्छ ।

(ढ) **"विभागीय प्रमुख"** भन्नाले तोकिएको अधिकारी सम्झनु पर्छ।

(ण) **"विशेषज्ञ पद"** भन्नाले विशेष प्रकृतिको काम, कर्तव्य र उत्तरदायित्व भएको र विशेष योग्यता चाहिने पद सम्झनु पर्छ।

(त) **"सचिव"** भन्नाले दफा ११३ बमोजिमको लुम्बिनी प्रदेश सरकारको सचिव सम्झनु पर्छ ।

(थ) **"समायोजन"** भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम भएको कर्मचारी समायोजन सम्झनु पर्छ।

(द) **"स्थानीय सेवा"** भन्नाले नेपालको संविधानको धारा २२७ बमोजिम लुम्बिनी प्रदेशभित्रका स्थानीय तहका कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्था गर्न बनेको प्रदेश कानून बमोजिम गठन भएको स्थानीय सेवा सम्झनु पर्छ।

(ध) **"स्थायी आवासीय अनुमति"** भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट

भिसा (पि.आर.), ग्रीनकार्ड, आधार कार्ड वा विदेशी मुलुकको मतदाता नामावलीमा नाम समावेश भएको सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको आवासीय अनुमतिलाई समेत जनाउँछ।

(न) **"स्थायी पद"** भन्नाले निवृतिभरण पाउने र म्याद नतोकिएको प्रदेश निजामती सेवाको पद सम्झनु पर्छ र सो शब्दले योगदानमा आधारित निवृतिभरण पाउने पदलाई समेत जनाउँछ।

## परिच्छेद -२

## प्रदेश निजामती सेवाको गठन

३. **कर्मचारी प्रशासन सम्बन्धी प्रमुख निकाय र मार्गदर्शक सिद्धान्तः** (१) प्रदेशको प्रशासन सञ्चालन गर्न प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त तथा कर्मचारी व्यवस्थापन सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रमुख कर्मचारी निकायको रुपमा काम गर्नेछ।

(२) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा उल्लेख भएदेखि बाहेक निजामती कर्मचारी प्रशासन सम्बन्धी काम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको स्वीकृति बिना गर्न पाइने छैन।

(३) प्रदेशको निजामती सेवालाई व्यावसायिक, मर्यादित र उत्तरदायी बनाउन देहायका मार्गदर्शक सिद्धान्तमा आधारित रहि प्रशासन सञ्चालन गरिनेछ:-

(क) नेपालको संविधानले अवलम्बन गरेको मूल्य, मान्यता र नीति तथा निर्देशक सिद्धान्तमा आधारित,

(ख) शुरु नियुक्ति खुला र समानुपातिक समावेशी सिद्धान्तमा आधारित प्रतियोगितात्मक परीक्षा,

(ग) व्यावसायिक सीप र क्षमता विकास सहितको योग्यता प्रणालीमा आधारित,

(घ) सदाचारयुक्त, सेवाग्राहीमैत्री, परिणाममुखी, जवाफदेही र प्रविधिमैत्री प्रशासन,

(ङ) अधिकृतमूलक कार्यप्रणाली अवलम्बन गरी प्रतिष्पर्धी र विशेषज्ञ सेवाको रूपमा विकास,

(च) चक्रीय पद्धतिमा आधारित सरूवा, बढुवा, कार्यसम्पादन सूचकमा आधारित मूल्याङ्कन र प्रोत्साहन सहितको वृत्ति विकास प्रणाली, र

(छ) संघ, प्रदेश र स्थानीय तहको सरकारी सेवा बीचको सम्बन्ध सहकारीता, सहअस्तित्व र समन्वयमा आधारित ।

४. **प्रदेश निजामती सेवाको गठनः** (१) प्रदेश सरकारले प्रदेश निजामती सेवा अन्तर्गत देहाय बमोजिमका सेवाहरुको गठन गर्नेछः-

(क) प्रदेश इन्जिनियरिङ्ग सेवा,

(ख) प्रदेश कृषि सेवा,

(ग) प्रदेश कानून सेवा,

(घ) प्रदेश प्रशासन सेवा,

(ङ) प्रदेश वन सेवा,

(च) प्रदेश शिक्षा सेवा, र

(छ) प्रदेश स्वास्थ्य सेवा।

(२) यो ऐन प्रारम्भ हुन भन्दा अघि नेपाल विविध सेवा र आर्थिक योजना तथा तथ्याङ्क सेवाबाट प्रदेशमा समायोजन भएका कर्मचारीलाई उपदफा (१) को खण्ड (घ) बमोजिमको प्रशासन सेवामा समावेश गरिनेछ ।

५. **<u>प्रदेश निजामती सेवामा रहने तह</u>**ः (१) प्रदेश निजामती सेवामा रहने तहहरु देहाय बमोजिम हुनेछन्:-

| अधिकृत तह | सहायक तह | तह विहीन |
|---|---|---|
| तेह्रौं | पाँचौं | प्रथम स्तर |
| बाह्रौं | चौथो | द्धितीय स्तर |
| एघारौं | तेस्रो | तृतीय स्तर |
| दशौं | | चौथो स्तर |
| नवौं | | पाचौं स्तर |
| आठौं | | |
| सातौं | | |
| छैटौं | | |

(२) तह विहीन पदमा रहने तहको स्तर वृद्धि तोकिए बमोजिम हुनेछ।

६. **सेवाका पद**ः प्रदेश निजामती सेवाका विभिन्न तहमा तोकिए बमोजिमका पदहरु रहने छन्।

७. **कार्यविवरण र कार्यसम्पादन सम्झौता**ः (१) प्रदेश सरकारले स्वीकृत गरेको सङ्गठनको कार्य विवरणको आधारमा सम्बन्धित मन्त्रालयका सचिव, विभागका विभागीय प्रमुख तथा कार्यालयका कार्यालय प्रमुखले प्रत्येक पदको काम, कर्तव्य, उत्तरदायित्व, अधिकार र कामको मूल्याङ्कन गर्ने सूचक समेत उल्लेख गरी सङ्गठनका लागि स्वीकृत पदको कार्य विवरण स्वीकृत गरी लागू गर्नु पर्नेछ।

तर अधिकृतस्तर छैठौं, सातौं र आठौं तहको कार्य विवरण सम्बन्धित सचिवले, नवौं र दशौं तहको कार्य विवरण प्रमुख सचिवले र एघारौं, बाह्रौं र तेह्रौं तहको कार्य विवरण प्रदेश सरकारले स्वीकृत गरे बमोजिम हुनेछ।

(२) कर्मचारीलाई पदस्थापन गर्दा निजको कार्य विवरण समेत उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम उपलब्ध गराइएको कार्य विवरणको आधारमा कर्मचारीसँग कार्यसम्पादन सम्झौता गरी काममा लगाउन सकिनेछ।

तर प्रदेश सचिव, विभागीय प्रमुख, आयोजना प्रमुख तथा कार्यालय प्रमुखसँग कार्यसम्पादन सम्झौता गर्नु पर्नेछ।

(४) प्रत्येक सुपरिवेक्षकले आर्थिक वर्ष शुरु भएको एक महिनाभित्र आफ्नो मातहतमा काम गर्ने कर्मचारीलाई उपदफा (१) बमोजिमको कार्य विवरणको आधारमा त्यस्तो कर्मचारीले सम्पादन गर्नुपर्ने कार्यको वार्षिक लक्ष्य निर्धारण गरी जिम्मेवारी तोकी काममा लगाउनु पर्नेछ । त्यस्तो वार्षिक लक्ष्य बमोजिम सम्पादित काम समेतको आधारमा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गरिनेछ।

८. **समूह तथा उपसमूहः** (१) प्रदेश निजामती सेवामा दफा ४ बमोजिमका सेवा अन्तर्गत रहने समूह तथा उपसमूहको गठन र सञ्चालन तोकिए बमोजिम हुनेछ।

(२) दफा ४ बमोजिम गठित प्रदेश निजामती सेवाका विभिन्न समूह तथा उपसमूहमा रहने पद र सोको लागि चाहिने न्यूनतम योग्यता र पदगत रुपमा आवश्यक थप सीप तोकिए बमोजिम हुनेछ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश प्रशासन सेवाको नवौं वा सो भन्दा माथिको तहमा प्रशासन सेवामा समूह वा उपसमूह रहने छैन ।

तर प्रदेश सरकारको प्रदेश कोष तथा लेखा नियन्त्रकको कार्यालयमा र अर्थ मन्त्रालयको राजश्व महाशाखामा आवश्यक पर्ने लेखा तथा राजश्व कर्मचारीहरुलाई प्रदेश सरकारले लेखा तथा राजश्व समूहको आठौं तहबाट नवौं तहमा बढुवा भएका कर्मचारीलाई जिम्मेवारी प्रदान गर्नेछ ।

## परिच्छेद-३

## दरबन्दी सिर्जना तथा पदपूर्ति

९. **दरबन्दी सिर्जनाः** (१) प्रदेश निजामती सेवामा रहने पदको दरबन्दी सिर्जना, संगठन तथा व्यवस्थापन सर्वेक्षण तोकिए बमोजिम हुनेछ।

(२) कुनै नयाँ कार्यालय स्थापना गर्न सङ्गठन संरचना तयार गर्दा र नयाँ दरबन्दी सिर्जना गर्दा वा तत्काल कायम रहेको सङ्गठन संरचना र दरबन्दी पुनरावलोकन गर्दा वा हेरफेर गर्दा सम्बन्धित मन्त्रालयले कार्यक्रम, कार्यबोझ, कार्य प्रकृति तथा दरबन्दी थप घट गर्नुपर्ने आधार, कारण र सोको औचित्य, स्रोत, वृत्तिविकास पथको सुनिश्चितता तथा दिगोपना र उपलब्ध मानवस्रोत समेतको आधारमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी प्रदेशको अर्थ मन्त्रालयको सहमति लिई प्रमुख निकायमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

तर सङ्गठन संरचना र दरबन्दी हेरफेर गर्दा कुनै पनि प्रकारको वित्तीय दायित्व नबढ्ने अवस्थामा त्यस्तो सङ्गठन संरचना र दरबन्दीको मात्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी प्रतिवेदन पेश गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त विवरणका आधारमा प्रमुख निकायले सोको मूल्याङ्कन गरी एक महिनाभित्र स्वीकृतिको लागि प्रदेश सरकार समक्ष पेश गर्नेछ।

(४) उपदफा (३) बमोजिम सङ्गठन संरचना वा दरबन्दी स्वीकृत भएपछि विषयगत मन्त्रालयले प्रदेश किताबखानामा पद दर्ता गर्नु पर्नेछ र पद दर्ता भए बमोजिम पदपूर्ति प्रक्रिया अगाडि बढाउनेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अस्थायी प्रकृतिका आयोग, समिति, निकाय, बोर्ड, सचिवालय, कार्यालय वा आयोजनामा स्थायी दरबन्दी सिर्जना गरिने छैन।

(६) उपदफा (५) बमोजिमका आयोग, समिति, निकाय, बोर्ड, सचिवालय, कार्यालय वा आयोजनामा अस्थायी दरबन्दी रहनेछन् र सो दरबन्दीमा निजामती सेवाका कर्मचारी खटाउन सकिनेछ।

(७) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भए पश्चात चौथो तह सहायक कम्प्युटर अपरेटर तथा पाँचौ तह कम्प्युटर अपरेटर पदको नयाँ दरबन्दी सिर्जना गरिने छैन।

(८) यस दफा बमोजिम प्रदेश सरकारको संगठन तथा व्यवस्थापन सर्वेक्षण र दरबन्दी सिर्जना हेरफेर र पुनरावलोकन गर्दा निजामती कर्मचारीको वृत्तिविकास पथलाई सुनिश्चित हुने गरी र पदसोपानको अनुपात समेत मिल्ने गरी गर्नु पर्नेछ।

(९) यस दफा बमोजिम प्रदेश सरकारको संगठन तथा व्यवस्थापन सर्वेक्षण र दरबन्दी सिर्जना हेरफेर र पुनरावलोकन गर्दा दफा ४ बमोजिमका प्रत्येक सेवाका कर्मचारीहरुको वृतिविकासको लागि प्रत्येक सेवामा बाह्रौं तहको पदको दरबन्दी सिर्जना गर्नुपर्नेछ।

१०. **प्रदेश निजामती सेवाको पदपूर्तिः** (१) प्रदेश निजामती सेवाको रिक्त बाह्रौं तहको पदमा दफा २९ को उपदफा (२) बमोजिम र अन्य तहका पदमा देहाय बमोजिम पदपूर्ति गरिनेछः-

| [illegible] | [illegible] | [illegible] | बढुवा | विशेष व्यवस्था |
|---|---|---|---|---|

| | | | | कार्यक्षमताको मूल्याङ्कनद्वारा | ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा | |
|---|---|---|---|---|---|---|
| **सहायक तह** | | | | | | |
| (क) | चौथो | ८०% | - | २०% | | |
| (ख) | चौथो | १००% | - | - | - | स्वास्थ्य सेवाको लागि मात्र |
| (ग) | पाँचौं | ७०% | १०% | १०% | १०% | |
| **अधिकृत तह** | | | | | | |
| (घ) | छैटौं | - | - | - | - | तह वृद्धिबाट |
| (ङ) | सातौं | ७०% | १०% | १०% | १०% | स्वास्थ्य सेवामा रहने चिकित्सक बाहेक सबै |
| (च) | आठौं | १००% | - | - | - | स्वास्थ्य सेवामा रहने चिकित्सक |
| (छ) | आठौं | - | - | - | - | तह वृद्धिबाट (स्वास्थ्य सेवामा रहने चिकित्सक बाहेक सबै) |
| (ज) | नवौं | ३०% | १०% | ३०% | ३०% | |
| (झ) | नवौं | ३०% | १०% | ३५% | २५% | स्वास्थ्य सेवाका लागि |
| (ञ) | दशौं | - | - | - | - | तह वृद्धिबाट |
| (ट) | एघारौं | - | १०% | ६०% | ३०% | |

तर तालिकाको खण्ड (ङ) को अधिकृत तह सातौंमा पदपूर्ति गर्दा सम्वत् २०८५ सालसम्मको विज्ञापनमा देहाय बमोजिमको आधारमा पदपूर्ति गरिनेछ ।

| पद | | खुला प्रतियोगिताद्वारा | अन्तर तह प्रतियोगितात्मक परीक्षाद्वारा | बढुवा | | विशेष व्यवस्था |
|---|---|---|---|---|---|---|
| | | | | कार्यक्षमताको मूल्याङ्कनद्वारा | ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा | |
| **अधिकृत तह** | | | | | | |
| (क) | सातौं | ५०% | १०% | २०% | २०% | स्वास्थ्य सेवामा रहने चिकित्सक बाहेक सबै |

(२) उपदफा (१) को खण्ड (ज) र (झ) मा उल्लिखित खुला प्रतियोगिताद्वारा पदपूर्ति गरिने अधिकृत नवौं तहको पदको लागि उम्मेदवार हुन सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तहको उपाधि हासिल गरेको वा संघीय निजामती सेवा, प्रदेश निजामती सेवा, स्थानीय सेवा वा अन्य कुनै सरकारी सेवाको अधिकृत तह वा सो सरह वा सो भन्दा माथिको पदमा कम्तीमा पाँच वर्षको अनुभव वा प्रचलित कानून बमोजिम स्थापना भएको सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय संघ, संस्थाको अधिकृतस्तरको पदमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त गरेको हुनुपर्नेछ।

तर विद्यावारिधि स्तरको उपाधि प्राप्त व्यक्तिको हकमा अनुभवको अवधि दुई वर्षले कम हुनेछ।

**<u>स्पष्टीकरण</u>**: यस उपदफाको प्रयोजनको लागि "प्रदेश निजामती सेवा" भन्नाले जुनसुकै प्रदेशको निजामती सेवा र "स्थानीय सेवा" भन्नाले जुनसुकै प्रदेश अन्तर्गत रहेको स्थानीय सेवा सम्झनु पर्छ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि निकायमा आंशिक रुपमा काम गरेको अनुभव सो प्रयोजनको लागि गणना हुने छैन।

**<u>स्पष्टीकरण</u>:** यस उपदफाको प्रयोजनको लागि "आंशिक रुपमा काम गरेको अनुभव" भन्नाले प्रति हप्ता चालीस घण्टा भन्दा कम काम गरेको अनुभव अवधि सम्झनु पर्छ।

(४) उपदफा (१) बमोजिमको अन्तर तह प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति हुने पदमा संघीय निजामती सेवा, प्रदेश निजामती सेवा वा यस प्रदेश भित्रको स्थानीय सेवाको एक तह मुनिको पदमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेका र पदपूर्ति हुने पदका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारी उम्मेदवार हुन सक्नेछन्।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अन्तर तह प्रतियोगिताद्वारा पदपूर्ति हुन नसकेमा सोही वर्षको कार्यक्षमताको मूल्याङ्कन र ज्येष्ठता तथा कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाद्वारा पदपूर्ति गरिनेछ।

(६) उपदफा (१) बमोजिम कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको लागि सम्बन्धित सेवा समूह वा उपसमूहको एक तह मुनिको पदमा बहाल रहेका बढुवाको लागि आवश्यक न्यूनतम सेवा अवधि र तोकिएको न्यूनतम शैक्षिक योग्यता पूरा गरेका प्रदेश निजामती सेवाका कर्मचारी सम्भाव्य उम्मेदवार हुनेछन्।

तर प्रदेश सरकारले विशेषज्ञ पद भनी तोकेको पदमा सम्बन्धित सेवाभित्रको समूह र उपसमूहको कर्मचारी मात्र बढुवा हुनेछ।

(७) उपदफा (१) बमोजिम कार्यक्षमताको मूल्याङ्कन तथा ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका लागि कर्मचारी समायोजन ऐन, २०७५ को दफा १५ को उपदफा (१) को खण्ड (ज) को व्यवस्था बमोजिम बढुवाका लागि प्रदेशमा पाँच वर्ष निरन्तर खटिएका संघीय निजामती सेवाका कर्मचारी सम्भाव्य उम्मेदवार हुन सक्नेछन्।

(८) एक तह मुनिको पद नभएको सेवा, समूह वा उपसमूहको अन्तर तह प्रतियोगिताद्धारा पूर्ति हुने पदमा खुला प्रतियोगिताद्वारा पदपूर्ति गरिनेछ।

(९) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम तेस्रो तहमा समायोजन भएका कर्मचारी सहायक चौथो तहका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता र तोकिए बमोजिमको न्यूनतम सेवा अवधि पूरा गरेकालाई उपदफा (१) को खण्ड (क) बमोजिम कार्यक्षमता मुल्याङ्कनद्वारा पदपूर्ति गरिनेछ।

(१०) यस दफा बमोजिम पदपूर्तिको लागि प्रदेश लोक सेवा आयोगले पदसङ्ख्या निर्धारण गरी विज्ञापन गर्नेछ र पदसङ्ख्या निर्धारण गर्दा कुनै विवाद आएमा प्रदेश लोक सेवा आयोगको निर्णय अन्तिम हुनेछ।

(११) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि कार्यालय सहयोगी, सवारी चालक, इलेक्ट्रीसियन, प्लम्बर, माली, सरसफाइ गर्ने कर्मचारी वा यस्तै काम गर्ने अन्य तोकिए बमोजिमका पदमा स्थायी पदपूर्ति गरिने छैन।

(१२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि सहायक पाँचौं तहको कम्प्युटर अपरेटर पद र सहायक चौथो तहको सहायक कम्प्युटर अपरेटर पद रिक्त भएमा स्थायी पदपूर्ति गरिने छैन।

(१३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका र यस ऐन बमोजिम तहबृद्धि भई कम्प्यूटर अधिकृत पदमा कार्यरत कर्मचारी तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता र बढुवाका लागि आवश्यक पर्ने न्यूनतम सेवा अवधि पूरा गरेको भएमा एक तहमाथिको प्रदेश प्रशासन सेवाको पदमा कार्यक्षमताको मूल्याङ्कन तथा ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका लागि सम्भाव्य उम्मेदवार हुनेछन्।

(१४) संघीय निजामती सेवा, सबै प्रदेशका निजामती सेवा वा सबै स्थानीय सेवामा कार्यरत रहेको कर्मचारी प्रदेश निजामती सेवाको खुला वा अन्तर तह प्रतियोगिताद्वारा पदपूर्ति हुने पदको समान पदमा प्रतिस्पर्धा गर्न वा उम्मेदवार हुन पाउने छैन।

(१५) प्रदेश निजामती सेवाको रिक्त पदमा पदपूर्ति गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) पाँचौं वा छैठौं तहको कुनै पद रिक्त भएमा पाँचौं तह रिक्त मानी पदपूर्ति गर्ने,

(ख) सातौं वा आठौं तह रिक्त भएमा सातौं तह रिक्त मानी पदपूर्ति गर्ने,

तर स्वास्थ्य सेवा चिकित्सकको हकमा आठौं तह रिक्त भएमा सोहि तह रिक्त मानी पदपूर्ति गर्ने,

(ग) नवौं वा दशौं तह रिक्त भएमा नवौं तह रिक्त मानी पदपूर्ति गर्ने।

(१६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वन रक्षक, सशस्त्र वन रक्षक पदमा तोकिए बमोजिम पदपूर्ति गर्न बाधा पर्ने छैन।

(१७) प्रदेश लोक सेवा आयोगले माग आकृति अनुसारको दरबन्दी पदपूर्ति गर्दाका बखत रिक्त रहेमा त्यसपछिको विज्ञापनमा समावेश गरी पदपूर्ति गर्नेछ।

११. **<u>पदपूर्ति सम्बन्धी विशेष व्यवस्था</u>**ः(१) प्रदेश निजामती सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताद्वारा पदपूर्ति हुने पदमध्ये उनान्पचास प्रतिशत पद छुटयाई सो प्रतिशतलाई शत प्रतिशत मानी देहाय बमोजिमका उम्मेदवार बीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछः

| **क्र. सं.** | **समूह** | **जम्मा प्रतिशत** | **महिला** | **पुरुष** | **यौनिक तथा लैङ्गिक अल्पसंख्यक** |
|---|---|---|---|---|---|
| १. | खस आर्य महिला | १५% | १५% | - | |
| २. | आदिवासी जनजाती | १८% | ९% | ९% | |
| ३. | मधेसी | १६% | ८% | ८% | |
| ४. | दलित (पहाडी र मधेशी) | १५% | ८% | ७% | |
| ५. | थारु | १४% | ७% | ७% | |
| ६. | विपन्न खस आर्य | ७% | ३.५% | ३.५% | |
| ७. | मुस्लिम | ७% | ३.५% | ३.५% | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८. | अपाङ्गता भएका व्यक्ति | ३% | १.५% | १.५% | |
| ९. | पिछडिएको वर्ग/क्षेत्र, सीमान्तकृत, लैङ्गिक तथा यौनिक अल्पसंख्यक | ५% | २% | २% | १% |

**<u>स्पष्टीकरणः</u>** यस उपदफाको प्रयोजनको लागि,-

(क) **"पिछडिएको वर्ग/क्षेत्र"** भन्नाले प्रदेश सरकारले मानव विकास सूचकाङ्कमा समेत आधारित भई प्रत्येक पाँच वर्षमा प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी तोकेको वर्ग/क्षेत्र सम्झनु पर्छ।

(ख) **"सीमान्तकृत"** भन्नाले प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको आर्थिक, सामाजिक र शैक्षिक रुपले पछाडी पारिएका सीमान्तकृत तथा अल्पसंख्यक जाति सम्झनु पर्छ।

(ग) **"आर्थिक रुपले विपन्न खस आर्य"** भन्नाले प्रचलित कानून बमोजिम गरिबीको परिचय पत्र प्राप्त गरेका वा त्यसरी परिचय पत्रको व्यवस्था नभएसम्मको लागि कानून बमोजिम स्थानीय तहले सिफारिस गरेको तोकिए भन्दा कम वार्षिक आय भएका खस आर्य समुदायका नागरिक सम्झनु पर्छ ।

(घ) **"लैङ्गिक तथा यौनिक अल्पसंख्यक"** भन्नाले प्रचलित कानून बमोजिम लैङ्गिक तथा यौनिक अल्पसंख्यकको परिचयपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम कुनै उम्मेदवार एकभन्दा बढी समूहमा प्रतिस्पर्धा गर्न बाधा पुगेको मानिने छैन।

(३) उपदफा (१) बमोजिमको समूहको लागि छुट्याइएको पदमा उम्मेदवार हुन चाहने व्यक्तिले आफूले बुझाउने दरखास्त फारामसँग आफू सम्बन्धित समूहको व्यक्ति भएको प्रमाणित हुने सम्बन्धित निकायबाट जारी भएको तोकिएको कागजात पेश गर्नु पर्नेछ। पिछडिएको क्षेत्रको हकमा सम्बन्धित स्थानीय तहले सोही स्थानीय तहको स्थायी बासिन्दा हो भनी प्रमाणित गरेको कागजात पेश गर्नु पर्नेछ।

(४) यस दफा बमोजिम अपाङ्गता भएका व्यक्तिको हकमा सो समूहबाट प्रतिस्पर्धा गर्न तोकिए बमोजिमको आधारमा उम्मेदवारले बुझाउने दरखास्तको साथमा अपाङ्गताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम प्रतिशत निर्धारण गर्दा सर्वप्रथम समूह र क्रमशः उपसमूहको लागि प्रतिशत निर्धारण गर्नु पर्नेछ। कुनै समूह वा समूह अन्तर्गतको उपसमूहमा एक प्रतिशतभन्दा कम घाताङ्क(फ्र्याक्सन) आएमा त्यस्तो घाताङ्क जुन समूह वा उपसमूहको हकमा घाताङ्क आएको हो सोभन्दा लगत्तै पछिको समूह वा उपसमूहमा क्रमशः सर्दै जानेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास प्रकृतिको काम वा पदका लागि महिला वा अपाङ्गता भएका व्यक्ति बीच मात्र प्रतिस्पर्धा गर्ने गरी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्न सकिनेछ।

(७) उपदफा (१) बमोजिम छुट्याइएको पदमा जुन वर्षको लागि विज्ञापन भएको हो सो वर्ष हुने विज्ञापनमा उपयुक्त

उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद अर्को वर्ष हुने विज्ञापनमा समावेश गर्नु पर्नेछ र त्यसरी पनि उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद अर्को वर्ष खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गर्नु पर्नेछ।

(८) प्रदेश सरकारले उपदफा (१) बमोजिम निर्धारण गरिएको प्रतिशतद्वारा पदपूर्ति गर्ने व्यवस्था प्रत्येक दश वर्षमा पुनरावलोकन गर्नु पर्नेछ।

(९) उपदफा (१) बमोजिमको प्रतिशत बमोजिम पद संख्या निर्धारण गर्दा कुनै विवाद आएमा प्रदेश लोक सेवा आयोगको निर्णय अन्तिम हुनेछ।

१२. **प्रदेश लोक सेवा आयोगको सिफारिसमा नियुक्तिः** प्रदेश निजामती सेवाको खुला प्रतियोगिता तथा अन्तर तह प्रतियोगिताद्वारा पूर्ति हुने पदमा प्रदेश लोकसेवा आयोगको सिफारिसमा नियुक्ति गरिनेछ।

१३. **पदपूर्तिका लागि माग गर्नेः** (१) प्रदेश निजामती सेवाको कुनै पद रिक्त भएमा सम्बन्धित कार्यालयको प्रमुखले त्यसरी पद रिक्त भएको मितिले पन्ध्र दिनभित्र सोको विवरण आफूभन्दा माथिल्लो कार्यालयमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम रिक्त पदको जानकारी प्राप्त भएपछि त्यस्तो कार्यालयले सरुवाद्वारा पूर्ति गर्न सकिने भए पूर्ति गर्ने र नसकिने भए सहायक स्तरको पदको हकमा प्रदेश लोक सेवा आयोगमा लेखी पठाउने र अधिकृतस्तरको पदको हकमा सेवा सञ्चालन गर्ने मन्त्रालय मार्फत प्रमुख निकायमा माग गरी लेखी पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सरुवाद्वारा पूर्ति गर्न नसकिने अधिकृतस्तरको रिक्त पदको पदपूर्तिको लागि प्रदेश लोक सेवा आयोगको पदपूर्ति सम्बन्धी कार्यतालिका बमोजिम निर्धारित समयमा प्रमुख निकायले प्रदेश लोक सेवा आयोगमा पुग्ने गरी पदपूर्तिका लागि माग आकृति फाराम भरी पठाउनु पर्ने र सो को जानकारी सेवा सञ्चालन गर्ने मन्त्रालयलाई दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्रमुख निकायले प्रदेश निजामती सेवाको पदपूर्तिका लागि माग गर्दा उपदफा (१) बमोजिम रिक्त हुन आएका पद र सो आर्थिक वर्षभित्र अनिवार्य अवकाश तथा बढुवाबाट रिक्त हुने पद समेत यकिन गरी माग गर्नु पर्नेछ।

(५) उपदफा (२) बमोजिम सरुवाद्वारा पूर्ति गर्न नसकिने सहायक तहको रिक्त पदमा पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगको पदपूर्ति सम्बन्धी कार्यतालिका बमोजिम निर्धारित समयमा प्रदेश लोक सेवा आयोगमा पुग्ने गरी सम्बन्धित कार्यालयले पदपूर्तिका लागि माग आकृति फाराम भरी पठाउनु पर्नेछ र सो को जानकारी माथिल्लो कार्यालयमा दिनु पर्नेछ।

१४. **पदपूर्तिमा बन्देजः** (१) प्रदेश निजामती सेवाको पदमा यस ऐनमा व्यवस्था भएदेखि बाहेक अन्य तरिकाबाट पदपूर्ति गरिने छैन।

(२) उपदफा (१) विपरीत गरिएको नियुक्ति स्वतः बदर भएको मानिनेछ र त्यसरी नियुक्त भएको व्यक्तिले पाएको तलब, भत्ता र अन्य सुविधा नियुक्ति गर्ने अधिकारीबाट असुल उपर गरिनेछ।

(३) प्रदेश निजामती सेवाको स्थायी पदमा नियुक्त वा बढुवा भएको कर्मचारीलाई पुल दरबन्दी वा अन्य कुनै किसिमले कुनै स्थानमा पदाधिकार राखी कुनै निकायमा खटाइएको वा नियुक्त

गरिएको वा यस ऐन बमोजिम स्वीकृत गरिएको अस्थायी दरबन्दीमा काज वा अन्य रूपमा खटाएको कारणले मात्र त्यस्तो दरबन्दी रिक्त मानी कुनै पनि व्यहोराले पदपूर्ति गर्न पाइने छैन।

**१५. <u>अस्थायी, ज्यालादारी वा करारमा नियुक्ति सम्बन्धीः</u>** (१) प्रदेश लोक सेवा आयोगले आफूले सञ्चालन गरेको परीक्षामा स्थायी नियुक्तिका लागि सिफारिस नभएका उम्मेदवारहरू मध्येबाट अस्थायी नियुक्ति गर्ने प्रयोजनको लागि छुट्टै योग्यताक्रम अनुसारको सूची प्रकाशन गर्नेछ।

(२) प्रदेश निजामती सेवाको रिक्त पदमा अस्थायी नियुक्ति गर्नु पर्ने भएमा सम्बन्धित मन्त्रालयले प्रदेश लोक सेवा आयोगमा लेखी पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम लेखी आएमा प्रदेश लोक सेवा आयोगले उपदफा (१) बमोजिमको योग्यताक्रमको सूचीमा रहेका व्यक्तिलाई सम्बन्धित मन्त्रालयको मागको आधारमा अस्थायी नियुक्ति गर्न नाम सिफारिस गरी पठाउनेछ र उक्त सिफारिसमा परेका व्यक्तिलाई बढीमा छ महिनाको लागि सम्बन्धित मन्त्रालयले अस्थायी नियुक्ति गर्नेछ।

(४) उपदफा (३) बमोजिम अस्थायी नियुक्ति गरेको जानकारी सम्बन्धित मन्त्रालयले सात दिनभित्र प्रमुख निकायलाई दिनु पर्नेछ।

(५) यस दफा विपरीत कसैले अस्थायी नियुक्ति गरेमा त्यसरी नियुक्त गरिएको व्यक्तिले खाइपाइ आएको तलब, भत्ता र अन्य सुविधा बापतको रकम नियुक्त गर्ने कर्मचारी वा पदाधिकारीबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(६) यस ऐनमा व्यवस्था भएकोमा बाहेक निजामती कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न पाइने छैन।

तर

(क) स्वीकृत दरबन्दी भित्रको कम्प्युटर अपेरटर, सहायक कम्प्युटर अपरेटर, कार्यालय सहयोगी, माली, स्वीपर, पलम्बर, इलेक्ट्रिसियन र सवारी चालक जस्ता पद रिक्त भएमा सेवा करार वा ज्यालादारीबाट सेवा लिन सकिनेछ ।

(ख) प्रदेश स्वास्थ्य सेवाको चिकित्सक वा स्वास्थ्यकर्मी अध्ययन, असाधारण वा लामो बिदामा रहेको कारण स्वास्थ्य सेवा प्रवाह गर्न कठिनाइ परेमा वा चिकित्सक पद स्थायी वा अस्थायी पदपूर्ति हुन नसकेमा न्यूनतम योग्यता भएका चिकित्सक वा स्वास्थ्यकर्मीलाई तोकिए बमोजिम सेवा करारमा लिई काममा लगाउन सकिनेछ।

१६. <u>नियुक्ति र पदस्थापना</u>ः (१) अधिकृत तेह्रौं, बाह्रौं र एघारौं तहको पदमा प्रदेश सरकार, मन्त्रिपरिषद्ले, अधिकृत दशौं र नवौं तहको पदमा प्रमुख सचिवले तथा आठौं, सातौं र छैठौं वा सो सरहको पदमा सम्बन्धित मन्त्रालयको सचिवले नियुक्ति र पदस्थापना गर्नेछ। यसरी गरिएको नियुक्तिको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(२) प्रदेश निजामती सेवाको सहायक तह वा सो सरहको पदमा विभागीय प्रमुख वा अधिकृतस्तरको कार्यालय प्रमुखले नियुक्ति गर्नेछ।

(३) निजामती कर्मचारीको पदस्थापना गर्दा प्रदेश लोकसेवा आयोग वा बढुवा समितिले सिफारिस गरेको अन्तिम एकमुष्ठ योग्यताक्रमको सूचीका आधारमा गरिनेछ।

(४) नियुक्ति र पदस्थापन गर्ने पदाधिकारीले यस ऐनले तोकेको अवधिभित्र नियुक्ति एवम् पदस्थापन नगरेमा निजलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

**१७. <u>व्यक्तिगत विवरण</u>**ः (१) प्रदेश निजामती सेवामा नियुक्ति भएका कर्मचारीले नियुक्ति भएको एक महिनाभित्र तोकिएको ढाँचामा आफ्नो व्यक्तिगत विवरण (सिटरोल) तयार गरी आफू कार्यरत कार्यालयमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको व्यक्तिगत विवरण सम्बन्धित कार्यालय प्रमुखले प्राप्त गरेको पन्ध्र दिनभित्र प्रमाणित गरी आवश्यक कागजात सहित प्रदेश किताबखानामा पठाउनु पर्नेछ।

(३) प्रदेश किताबखानाले व्यक्तिगत विवरण प्राप्त भएको मितिले सात दिन भित्र दर्ता गरी सम्बन्धित कर्मचारीलाई संकेत नम्बर उपलब्ध गराउनु पर्नेछ र त्यस्तो संकेत नम्बर त्यस्ता कर्मचारीको सरुवा, बढुवा लगायतका पत्राचारमा अनिवार्य प्रयोग गर्नु पर्नेछ।

(४) कर्मचारीको व्यक्तिगत विवरण दुरुस्त राख्न लगाउने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ।

(५) आफ्नो व्यक्तिगत विवरण अद्यावधिक गर्ने गराउने दायित्व सम्बन्धित कर्मचारीको हुनेछ।

१८. <u>उम्मेदवार हुनको लागि योग्यताः</u> (१) देहायको योग्यता भएको व्यक्ति प्रदेश निजामती सेवाको पदमा उम्मेदवार हुन सक्नेछः-

(क) नेपाली नागरिक,

(ख) सहायक तहमा अठार वर्ष उमेर पूरा भएको,

(ग) अधिकृत तहको पदमा एक्काइस वर्ष उमेर पूरा भएको,

(घ) पुरुषको हकमा पैंतिस वर्ष उमेर पूरा नभएको र महिलाको हकमा चालिस वर्ष उमेर पूरा नभएको,

तर,

(१) पूर्व सैनिक वा प्रहरी नियुक्ति हुने भनी तोकिएको पदको हकमा चालिस वर्ष ननाघेको व्यक्ति उम्मेदवार हुन सक्नेछ,

(२) संघीय र प्रदेश निजामती सेवाका स्थायी कर्मचारी, कर्मचारी समायोजन ऐन, २०७५ अनुसार सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएका तथा यो ऐन प्रारम्भ भएपछि संघीय निजामती सेवा वा स्थानीय सेवामा नियुक्ति भएका कर्मचारीका हकमा उमेर हद लाग्ने छैन,

(३) प्रदेश निजामती सेवाको नवौं तहको पदको लागि हुने खुला प्रतियोगितामा पैंतालीस वर्ष ननाघेको व्यक्ति उम्मेदवार हुन सक्नेछ।

(ङ) तोकिएको शैक्षिक योग्यता हासिल गरेको,

(च) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको ।

(२) देहायको व्यक्ति प्रदेश निजामती सेवाको पदमा उम्मेदवार हुन सक्ने छैन:-

(क) भ्रष्टाचार, किर्ते, राष्ट्र विरुद्धको अपराध, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, पूरातात्विक वस्तु बेचबिखन, मानव बेचबिखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी वा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको,

(ख) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको,

(ग) विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको।

(३) उपदफा (१) को खण्ड (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम अपाङ्गता भएका व्यक्तिलाई समावेशी कोटाबाट निर्धारण गरिएको प्रतिशतमा अपाङ्गता भएका व्यक्तिहरु बीच प्रतिस्पर्धा गर्न पाउने उम्मेदवारको उमेरको योग्यता चालिस वर्ष पूरा नभएको हुनेछ।

(४) प्रदेश लोक सेवा आयोग र अन्य प्रदेश लोक सेवा आयोगहरुमा समान पदमा सिफारिस भएको व्यक्ति प्रदेश लोकसेवा आयोगको सोहि पदमा उम्मेदवार हुन योग्य हुनेछैन।

१९. **<u>पदाधिकार र जिम्मेवारीः</u>** (१) देहायको अवस्थामा निजामती कर्मचारीको आफ्नो पद माथिको पदाधिकार कायम रहनेछः-

(क) आफ्नो पदमा कामकाज गरिरहँदासम्म,

(ख) अर्को पदमा सरुवा भई कार्यभार सम्हाल्न पाइने म्यादसम्म,

(ग) बिदामा रहेको बखत,

(घ) निलम्बनमा रहेको बखत,

(ङ) अर्को पदमा कायम मुकायम भई काम गरेको अवधिभर,

(च) काजमा खटिएको अवधिभर।

(२) देहायको अवस्थामा बाहेक कुनै निजामती कर्मचारीलाई जिम्मेवारी नदिई साठी दिन भन्दा बढी अवधिसम्म राख्न सकिने छैनः-

(क) लामो अवधिको बिदा स्वीकृत गराई बसेकोमा,

(ख) निलम्बन भएकोमा,

(ग) सेवा, समूह अनुसारको पद वा दरबन्दी नभई फाजिलमा रहेमा वा कुनै काममा खटाएमा,

(घ) अन्यत्र काजमा खटिएको कारण पदाधिकार रहेको पदमा कायम राख्नु पर्ने भएमा।

(३) उपदफा (२) विपरीत कुनै निजामती कर्मचारीलाई पदीय जिम्मेवारी नदिई राखेमा जिम्मेवारी दिई काममा लगाउनु पर्ने दायित्व भएको पदाधिकारीलाई विभागीय कारबाही हुनेछ।

२०. **<u>निरोगिताको प्रमाणपत्र र शपथ ग्रहण</u>**: (१) कुनै पनि व्यक्तिले तोकिए बमोजिमको ढाँचामा निरोगिताको प्रमाणपत्र पेश नगरी निजलाई प्रदेश निजामती सेवाको पदमा स्थायी नियुक्ति गरिने छैन ।

(२) निरोगिताको प्रमाणपत्र तोकिएको सरकारी चिकित्सकबाट प्रमाणित भएको हुनु पर्नेछ।

(३) प्रदेश निजामती सेवामा प्रथम पटक नियुक्ति हुँदा निजामती कर्मचारीले तोकिए बमोजिम शपथ ग्रहण गर्नु पर्नेछ।

२१. **<u>परीक्षणकाल</u>**: (१) प्रदेश निजामती सेवाको स्थायी पदमा नयाँ नियुक्ति गर्दा एक वर्ष परीक्षणकाल हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संघीय निजामती सेवा, प्रदेश निजामती सेवा वा स्थानीय सेवाबाट सोझै प्रदेश निजामती सेवामा प्रवेश गरेका कर्मचारीलाई पुनः परीक्षणकालमा राखिने छैन।

(३) उपदफा (१) बमोजिमको परीक्षणकालमा निजको काम सन्तोषजनक नभएमा वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको आचरण विपरीतको कुनै काम गरेमा निजको नियुक्ति अख्तियारवालाले बदर गर्न सक्नेछ।

(४) परीक्षणकालमा नियुक्ति बदर नगरिएका निजामती कर्मचारीको नियुक्ति परीक्षणकाल समाप्त भएपछि स्वतः सदर भएको मानिनेछ।

२२. **<u>प्रमुख सचिव तथा सचिवको पदावधिः</u>** (१) प्रमुख सचिवको पदावधि तीन वर्षको हुनेछ।

(२) सचिवको पदावधि पाँच वर्षको हुनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम पदावधि पूरा हुने कर्मचारीले अवकाश हुनु भन्दा एक महिना अगाडि बिदामा बस्न सक्नेछ र यसरी बसेको बिदाको अवधि निजको कुनै पनि संचित बिदाबाट कट्टा गरिने छैन।

२३. **<u>कायम मुकायम र निमित्त</u>**ः (१) कुनै विभागीय प्रमुख वा कार्यालय प्रमुखको पद रिक्त भएमा वा त्यस्तो पदमा बहालवाला कर्मचारी पन्ध्र दिनभन्दा बढी बिदामा बसेमा वा प्रचलित कानून बमोजिम कारबाहीमा परेमा सो पदमा तत्काल काम चलाउनको लागि समान तहको वा बढुवाको लागि सम्भाव्य उम्मेदवार भइसकेको एक तह मुनिको वरिष्ठ निजामती कर्मचारीलाई बढीमा छ महिनाको लागि कायम मुकायम मुकरर गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम कुनै पदमा कायम मुकायम मुकरर गरिसकेपछि सोही वा अन्य कर्मचारीलाई पुनः सोही पदमा कायम मुकायम मुकरर गर्न सकिने छैन।

(३) उपदफा (१) वा (२) विपरीत कुनै निजामती कर्मचारीलाई कायम मुकायम मुकरर गरेमा निजले सो पदमा रहँदा खाइपाई आएको तलब, भत्ता र अन्य सुविधा बापतको रकम कायम मुकायम मुकरर गर्ने पदाधिकारीबाट असुल उपर गरिनेछ।

(४) कार्यालय प्रमुख कार्यालयमा अनुपस्थित भएमा, बिदामा बसेमा वा निलम्बनमा परेमा सोही कार्यालयमा कार्यरत वा काजमा

रहेको कर्मचारीमध्ये बरिष्ठ निजामती कर्मचारीले पदको निमित्त जनाई कार्य सञ्चालन गर्नु पर्नेछ।

**<u>स्पष्टीकरणः</u>** यस उपदफाको प्रयोजनको लागि "कार्य सञ्चालन" भन्नाले आर्थिक दायित्व पर्ने कार्य, अर्ध न्यायिक प्रकृतिको कार्य र प्रचलित कानूनमा कार्यालय प्रमुखले आफै गर्नुपर्ने भनी तोकेका कार्य बाहेक त्यस्तो पदले दैनिक रुपमा सम्पादन गर्नुपर्ने सामान्य प्रशासनिक कार्य सम्झनु पर्छ।

२४. **<u>अतिरिक्त समूह रहने</u>**ः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा एक अतिरिक्त समूह रहनेछ।

(२) कुनै कार्यालयमा फाजिलमा रहेका वा खटाउन सकिने अवस्था नभएका निजामती कर्मचारीको पदाधिकार उपदफा (१) बमोजिमको समूहमा सार्न सकिनेछ।

(३) निजामती कर्मचारीलाई दुई महिना भन्दा बढी अतिरिक्त समूहमा राख्न पाइने छैन।

## परिच्छेद-४
## <u>सरुवा र काज</u>

२५. **<u>सरुवा गर्ने अधिकार</u>**ः (१) निजामती कर्मचारीलाई सरुवा गर्ने अधिकार तोकिए बमोजिम अख्तियारवालालाई हुनेछ।

तर,

(क) अधिकृतस्तर एघारौं र बाह्रौं तह वा सो सरहका कर्मचारीलाई प्रदेश सरकारले सरुवा गर्नेछ।

(ख) एक मन्त्रालय वा अन्तर्गतको कार्यालयबाट अर्को मन्त्रालय वा अन्तर्गतको कार्यालयमा र अधिकृत स्तर नवौं र दशौंसम्मका कर्मचारीलाई प्रमुख सचिवले सरुवा गर्नेछ।

(ग) अधिकृतस्तर आठौं तह सम्मका सम्बन्धित सेवा समूह भित्रका कर्मचारीलाई मन्त्रालय वा मातहतका कार्यालयमा सम्बन्धित मन्त्रालयको सचिवले सरुवा गर्नेछ।

(घ) प्रदेश प्रशासन सेवा लेखा समूहको कर्मचारीलाई प्रदेश लेखा नियन्त्रकको कार्यालयको सिफारिसमा अर्थ मन्त्रालयको सचिवले सरुवा गर्नेछ ।

(२) निजामती कर्मचारीलाई दरबन्दी भएसम्म सबै भौगोलिक क्षेत्रको अनुभव दिलाउने र पूर्वानुमान योग्य हुने गरी तोकिएका आधार र प्राथमिकता बमोजिम चक्रीय प्रणाली अवलम्बन गरी सरुवा गरिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सबै भौगोलिक क्षेत्रमा पद नभएका सेवा, समूहका कर्मचारीलाई पद भएका क्षेत्रमा तोकिए बमोजिम सरुवा गर्न सकिनेछ।

(४) कर्मचारीको सरुवा सामान्यतया प्रमुख निकायले हरेक वर्षको श्रावण एक्काईस गते सम्म र सम्बन्धित मन्त्रालयले भदौ सात गते भित्र गरिसक्नु पर्नेछ।

(५) प्रदेश निजामती सेवाको एघारौं र बाह्रौं तहको निजामती कर्मचारीलाई प्रदेश सरकारले आवश्यकता अनुसार र अन्य

कर्मचारीलाई दुई वर्ष पूरा नभई अर्को कार्यालयमा सरुवा गरिने छैन।

तर भौगोलिक क्षेत्रको अनुभव प्रयोजनको लागि सरुवा अवधि तोकिए बमोजिम हुनेछ।

**<u>स्पष्टीकरण:</u>** यस दफाको प्रयोजनका लागि एक वर्षको गणना गर्दा कम्तीमा दुई सय तेत्तीस दिन रुजु हाजिर भएको अवधिलाई जनाउनेछ।

(६) माथि जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा निजामती कर्मचारीलाई तोकिएको अवधि नपुग्दै प्रमुख निकायको सहमति लिई सरुवा गर्न सकिनेछः

(क) कुनै स्थानमा कार्यरत निजामती कर्मचारी अशक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने देखिएको कुरा नेपाल सरकार वा प्रदेश सरकारद्वारा तोकिएको मेडिकल बोर्डले सिफारिस गरेमा,

(ख) प्रदेश निजामती सेवाको कुनै दरबन्दी कटौती भई सो दरबन्दीमा कार्यरत निजामती कर्मचारी फाजिलमा परेमा,

(ग) कुनै निजामती कर्मचारीलाई विशेष जिम्मेवारी दिनुपरेमा,

(घ) कुनै निजामती कर्मचारीलाई निजको काम कारबाही, व्यवहार वा आचरणको कारण कार्यरत कार्यालयमा राखी राख्न उपयुक्त नभएको पर्याप्त आधार र कारण भएमा।

(७) उपदफा (६) बमोजिम अवधि नपुग्दै कुनै कर्मचारीलाई सरुवा गर्न सहमति माग गर्दा त्यसरी सरुवा गर्नु परेको कारण खुलाई प्रमुख निकायमा पेश गर्नुपर्नेछ।

(८) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अध्ययन बिदामा रहेको, स्वतः निलम्बनमा रहेको, छ महिना भन्दा बढी अवधिसम्म अन्य कुनै बिदामा रहेको, कुनै खास कामको लागि वा कुनै खास आयोजना कार्यान्वयन गर्नको लागि खटाईएको निजामती कर्मचारीको हकमा प्रमुख निकायको सहमति लिई सो अवधिभरको लागि विशेष पद सिर्जना गरी सम्बन्धित मन्त्रालयमा पदाधिकार सार्न सकिनेछ।

(९) यस दफा बमोजिम सरुवा हुने कर्मचारी बाटोको म्याद बाहेक पन्ध्र दिनभित्र बरबुझारथ गरी खटाइएको कार्यालयमा हाजिर हुन जानु पर्नेछ।

(१०) उपदफा (९) बमोजिम हाजिर हुन जानुपर्ने कर्मचारीलाई रमाना दिई पठाउनु सम्बन्धित कार्यालय प्रमुखको जिम्मेवारी हुनेछ।

(११) उपदफा (९) र (१०) विपरीत हाजिर हुन नजाने वा रमाना नदिने कर्मचारीलाई विभागीय कारबाही गरिनेछ।

(१२) यस दफा विपरित प्रमुख निकायले गरेको सरुवा प्रदेश सरकारले र अन्य निकाय वा अधिकारीले गरेको सरुवा प्रमुख निकायले बदर गर्न सक्नेछ।

(१३) यस दफा विपरित सरुवा गर्ने अधिकारीलाई अख्तियारवालाले विभागीय कारबाही गर्न सक्नेछ।

२६. **<u>काज सम्बन्धीः</u>** (१) निजामती कर्मचारीलाई निज कार्यरत रहेको निकायबाट सोही निकायको काममा मात्र अन्य स्थानमा

काजमा खटाउन सकिनेछ र यसरी काजमा खटाउँदा एक वर्षमा तीन महिनाभन्दा बढी अवधिको लागि काज खटाउन पाइने छैन।

तर तालिम, गोष्ठी लगायतका कार्यमा सोभन्दा बढी अवधिको लागि काजमा खटाउन सकिनेछ।

(२) कुनै निजामती कर्मचारीलाई प्रदेश निजामती सेवाको पद नभएको निकाय वा प्रदेश सरकारको स्वीकृत अस्थायी दरबन्दीमा काज खटाउँदा सहायकस्तरका कर्मचारीको हकमा सम्बन्धित मन्त्रालयले र अधिकृतस्तरका कर्मचारीको हकमा प्रमुख निकायको सहमति लिई बढीमा एक पटकमा एक वर्षभन्दा बढी नहुने गरी काज खटाउन सकिनेछ।

(३) कुनै निजामती कर्मचारीको विशेषज्ञताको सेवा लिनको लागि अन्य निकायको कार्यमा कुनै कर्मचारीलाई काजमा खटाउनु पर्ने भएमा कर्मचारी कार्यरत निकाय र काजमा खटिने निकायको सहमतिमा तीन महिनाको लागि प्रमुख निकायले खटाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम कुनै मन्त्रालय वा अन्तर्गतको निकायको कर्मचारीलाई अर्को मन्त्रालय वा अन्तर्गतको निकायमा खटाउनु पर्ने भएमा प्रमुख निकायले काजमा खटाउन सक्नेछ।

(५) निर्वाचन, लेखापरीक्षण, परीक्षा सञ्चालन, तथ्याङ्क सङ्कलन, नापी टोली वा खानी सर्वेक्षण जस्ता काममा, कुनै घटनाको जाँचबुझ वा छानबिन, महामारी वा संक्रामक रोग नियन्त्रण, विपद् व्यवस्थापन लगायतका काम र अस्थायी प्रकृतिका आयोग तथा समितिको काम गर्न एक पटकका लागि एक वर्षसम्म काज खटाउनुपर्ने भएमा काज खटाउने निकायले सम्बन्धित निकाय र प्रमुख निकायको सहमति लिई काज खटाउन सक्नेछ।

(६) यस ऐनमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि कार्यालय प्रमुखको पदमा कार्यरत रहेको कर्मचारीलाई सो पदमा पदाधिकार राखी अन्य आयोजना वा निकायमा काजमा खटाइने छैन।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सामान्यतया परीक्षणकाल समाप्त नभएसम्म सरुवा वा काजमा खटाइने छैन।

(८) यस दफा बमोजिम काजको अवधि समाप्त हुनासाथ सम्बन्धित कार्यालय प्रमुखले त्यस्तो कर्मचारीको पदाधिकार रहेको कार्यालयमा हाजिर हुन रमाना दिई पठाउनु पर्नेछ र काजको अवधिभन्दा बढी समय काज खटिएको निकायमा हाजिर गर्ने र हाजिर गराउने कर्मचारीलाई विभागीय कारबाही गरिनेछ।

(९) यस दफा बमोजिम काज अवधि समाप्त भएपछि पदाधिकार रहेको निकायमा हाजिर हुन नजाने कर्मचारीलाई त्यस्तो अवधिको गयल कट्टी गरी तलब भत्ता भुक्तानी दिइने छैन र त्यस्तो कर्मचारीलाई तलब भत्ता भुक्तानी गरेमा भुक्तानी दिने कर्मचारीबाट असुल उपर गरिनेछ।

(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निजामती कर्मचारीलाई स्थानीय तहको माग बमोजिम स्थानीय सेवाको समान तहको मिल्दो रिक्त पदमा एक पटकमा बढीमा दुई वर्षको लागि खटिएको स्थानीय तहबाटै तलब भत्ता पाउने गरी प्रमुख निकायले काज खटाउन सक्नेछ।

(११) यस दफा विपरित प्रमुख निकायले खटाएको काज प्रदेश सरकारले र अन्य मन्त्रालय वा निकायले खटाएको काज प्रमुख निकायले बदर गर्न सक्नेछ।

# परिच्छेद-५

## तह वृद्धि र बढुवा

२७. **ज्येष्ठता गणना सम्बन्धीः** (१) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश निजामती सेवामा समायोजन भएका कर्मचारीको समायोजन हुनु पूर्वको साविकको सेवा समूहको समान तहको पदमा स्थायी नियुक्ति पाएको मितिबाट कायम हुने गरी ज्येष्ठता गणना गरिनेछ।

(२) उपदफा (१) बमोजिम ज्येष्ठता कायम गर्न नसकिएमा सिफारिसको योग्यताक्रम, सम्बन्धित सेवा समूहको पदमा स्थायी सेवा गरेको अवधि वा उमेरलाई क्रमशः आधार लिई छुट्याउनु पर्नेछ।

२८. **तह वृद्धि सम्बन्धीः** (१) तह वृद्धि हुने पदभन्दा एक तह मुनीको पदमा पाँच वर्षको सेवा अवधि पूरा भएका, पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औसत पन्चानब्बे प्रतिशत अङ्क प्राप्त गरेका र देहाय बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका तथा दफा १०१ बमोजिम नकारात्मक सूचीमा नपरेका प्रदेश निजामती सेवाका कर्मचारीलाई देहाय बमोजिम सम्बन्धित सेवा, समूह वा उपसमूह भित्र तह वृद्धि गरिनेछः-

| क्र.सं. | हालको तह | तह वृद्धि हुने तह | न्यूनतम शैक्षिक योग्यता | |
|---|---|---|---|---|
| | | | स्वास्थ्य सेवा बाहेक प्रदेश निजामती सेवा | प्रदेश निजामती स्वास्थ्य सेवा |

| क्र.सं. | हालको तह | तह वृद्धि हुने तह | न्यूनतम शैक्षिक योग्यता | |
|---|---|---|---|---|
| | | | स्वास्थ्य सेवा बाहेक प्रदेश निजामती सेवा | प्रदेश निजामती स्वास्थ्य सेवा |
| १. | पाँचौं | छैठौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा कक्षा बाह्र उत्तीर्ण | संघीय स्वास्थ्य सेवा सम्बन्धी कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| २. | सातौं | आठौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण | संघीय स्वास्थ्य सेवा सम्बन्धी कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| ३. | नवौं | दशौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण | संघीय स्वास्थ्य सेवा सम्बन्धी कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

तर संघीय स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिम छैठौं तहमा स्तर वृद्धि भएका मध्ये वरिष्ठ पाँचौं तहमा तह मिलान भएका र छैठौं तहमा स्तर वृद्धि भएका मध्ये पाँचौं तहमा शुरु नियुक्ति भएका कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम छैठौं तहमा समायोजन भई आएका संघीय स्वास्थ्य सेवाका कर्मचारीलाई संघीय स्वास्थ्य सेवा ऐन, २०५३ ले स्तरवृद्धिको लागि तोकेको सेवा अवधि पूरा गरेमा त्यस्ता कर्मचारीलाई यस ऐन बमोजिम सातौं तहमा तहवृद्धि गरिनेछ।

(२) प्रत्येक वर्षको साउन एक गते र माघको एक गतेदेखि लागू हुने गरी तह वृद्धि गर्नु पर्नेछ।

तर यो ऐन प्रारम्भ हुँदाका बखत तह वृद्धिको लागि योग्य भएका कर्मचारीको तह वृद्धि यो ऐन प्रारम्भ भएको तीस दिनभित्र गरिसक्नु पर्नेछ।

(३) तह वृद्धि हुँदा त्यस्तो पद स्वतः माथिल्लो तहको पदमा कायम हुनेछ र त्यसरी तह वृद्धि भएको कर्मचारी जुनसुकै कारणले सो पदमा नरहेमा त्यस्तो रिक्त पद साविककै तहको पद कायम रहनेछ।

(४) उपदफा (१) बमोजिम तह वृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाइपाइ आएको तलब भन्दा घटी हुने भएमा खाइपाइ आएको तलब भन्दा घटी नहुने गरी ग्रेड मिलान गरिनेछ।

(५) अधिकृतस्तर दशौं तहमा तह वृद्धि गर्दा प्रमुख सचिवले र अधिकृतस्तर आठौं र छैठौं तहमा तह वृद्धि गर्दा सम्बन्धित मन्त्रालयको सचिवले गर्नेछ। यसरी गरिएको तह वृद्धिको जानकारी मन्त्रालय, प्रदेश किताबखाना र प्रदेश लोक सेवा आयोगलाई निर्णय भएको मितिले पन्ध्र दिनभित्र दिनु पर्नेछ।

(६) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश निजामती सेवामा चौथो तहमा समायोजन भएका र समायोजनका बखत सेवा अवधि अपुग भई तह बृद्धि हुन नसकेका कर्मचारीहरुलाई चौथो तहको लागि आवश्यक पर्ने सेवा, समूहसँग सम्बन्धित न्यूनतम शैक्षिक योग्यता हाँसिल गरेका र पाँच वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीहरुलाई पाँच वर्ष सेवा अवधि पूरा भएको मितिदेखि जेष्ठता कायम हुनेगरी पाँचौं तहमा एक पटकको लागि तहबृद्धि गरिनेछ।

(७) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेशमा समायोजन भएका कुनै कर्मचारीको यस ऐन लागू हुँदाका बखत तह वृद्धि हुने पदको लागि उपदफा (१) बमोजिम सेवा अवधि समायोजनको निर्णय हुँदाका बखत नपुगेको भए तापनि समायोजन भएपछि वा यो ऐन लागू हुनु पूर्व पुगेको रहेछ भने त्यस्तो सेवा अवधि पुगेको मितिबाटै कायम हुने गरी तह वृद्धि हुनेछ।

तर यसरी तह वृद्धि भएका कर्मचारीले निर्णय भएको मितिबाट मात्र तलव र सुविधा पाउनेछ।

२९. **बढुवा**: (१) प्रदेश निजामती सेवाको पदमा बढुवा गर्दा दफा १०१ बमोजिम नकारात्मक सूचिमा नरहेका निजामती कर्मचारीलाई दफा ३० बमोजिमको बढुवा समितिको सिफारिसमा बढुवा गरिनेछ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बाह्रौं तहको पदमा देहाय बमोजिम बढुवा गरिनेछः

(क) रिक्त पदमध्ये बीस प्रतिशत पदमा बढुवा गर्दा ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनमा औषतमा पन्चानब्बे प्रतिशत वा सो भन्दा बढी अङ्क प्राप्त गरेका र सम्बन्धित सेवाको अधिकृत एघारौं तह वा सो सरहको पदमा सबैभन्दा बढी सेवा अवधि भएको सम्भाव्य उम्मेदवारलाई बढुवा समितिको सिफारिसमा प्रदेश सरकारले बढुवा गर्नेछ।

(ख) रिक्त पदमध्ये असी प्रतिशत पदमा बढुवा गर्दा कार्यक्षमताको आधारमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने सम्बन्धित सेवाका सम्भाव्य उम्मेदवार मध्येबाट

उपलब्ध भएसम्म रिक्त पदको तेब्बर सङ्ख्यामा बढुवा समितिले सिफारिस गरेका उम्मेदवार मध्येबाट प्रदेश सरकारले उपयुक्त ठहऱ्याएको उम्मेदवारलाई बढुवा गर्नेछ।

तर कुनै सेवामा तेब्बर सङ्ख्यामा सम्भाव्य उम्मेदवार नभएको अवस्थामा तेब्बर भन्दा कम सङ्ख्यामा उम्मेदवार सिफारिस गर्न बाधा पुगेको मानिने छैन।

(ग) यस खण्ड बमोजिम बढुवा समितिले सिफारिस गर्दा पहिले खण्ड (क) बमोजिम सिफारिस गरेपछि खण्ड (ख) बमोजिम सिफारिस गर्नेछ।

(घ) यस खण्ड बमोजिम पदपूर्तिको लागि प्रदेश लोक सेवा आयोगले पदसङ्ख्या निर्धारण गर्नेछ।

(३) प्रदेश सचिवको पदमा सम्भाव्य उम्मेदवार हुन अधिकृत एघारौं तहका कर्मचारीले प्रदेश सरकारले तोकेको उच्च व्यवस्थापन सम्बन्धी तालिम समेत उत्तीर्ण गरेको हुनु पर्नेछ।

तर संघीय निजामती सेवा ऐनको व्यवस्था बमोजिम उच्च व्यवस्थापन सम्बन्धी तालिम लिएको रहेछ भने सम्भाव्य उम्मेदवार हुन बाधा पुगेको मानिने छैन।

(४) उपदफा (२) बमोजिम अधिकृत बाह्रौं तहको पदमा बढुवाका लागि अधिकृत एघारौं तहमा पछिल्लो पाँच वर्षको कार्यसम्पादन मुल्याङ्कनको गणना गरिनेछ।

३०. **<u>बढुवा समितिः</u>** (१) प्रदेश निजामती सेवाको अधिकृत तहका रिक्त पदका लागि बढुवा सिफारिस गर्न देहाय बमोजिमको बढुवा समिति रहनेछः-

**(क) <u>अधिकृत तेह्रौं, बाह्रौं र एघारौं तहको पदका लागि:</u>**

(१) प्रदेश लोक सेवा आयोगको अध्यक्ष -अध्यक्ष

(२) प्रमुख सचिव -सदस्य

(३) प्रदेश सरकारको सचिव (कानून) -सदस्य

(४) प्रदेश लोक सेवा आयोगका अध्यक्षद्वारा मनोनित सम्बन्धित विषय विज्ञ -सदस्य

(५) प्रमुख निकायको सचिव -सदस्य सचिव

**(ख) <u>नवौं र सातौं तहको पदको लागि:</u>**

(१) प्रदेश लोक सेवा आयोगको अध्यक्ष -अध्यक्ष

(२) सेवा सञ्चालन गर्ने मन्त्रालयको सचिव -सदस्य

(३) प्रदेश सरकारको सचिव (कानून) -सदस्य

(४) प्रमुख सचिवले तोकेको प्रदेश सचिव -सदस्य

(५) प्रमुख निकायको सचिव -सदस्य सचिव

(२) बढुवा समितिले आवश्यकता अनुसार सम्बन्धित विषयको विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम बढुवा समितिको सचिवालय मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहनेछ।

(४) सहायकस्तरको पदमा बढुवाका लागि सिफारिस गर्न तोकिए बमोजिमको बढुवा समिति रहनेछ।

(५) बढुवा समितिले बढुवा सिफारिसको नामावली प्रकाशन गर्दा बढुवाको लागि आवेदन गरेका सबै सम्भाव्य उम्मेदवारको कुल अङ्क सहित योग्यताक्रम प्रकाशन गर्नु पर्नेछ।

(६) बढुवा समितिले आवेदन फाराम बुझाउने अन्तिम मितिले साठी दिनभित्र बढुवाको नतिजा प्रकाशन गर्नु पर्नेछ।

(७) बढुवा समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**३१. <u>कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका लागि अवधि र योग्यता</u>ः** (१) यस ऐनको दफा १० को उपदफा (१) बमोजिम कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन बढुवा हुने पद भन्दा एक तह मुनिको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा कम्तीमा तीस कार्य दिनको सेवाकालिन तालिम लिएको, पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा अधिकतम अङ्क प्राप्त गरेको, देहायको शैक्षिक योग्यता भएको र विज्ञापन हुनु भन्दा अघिको असार मसान्तसम्ममा देहाय बमोजिम न्यूनतम सेवा अवधि पुगेको हुनु पर्नेछः-

| बढुवा हुने पद | बढुवा हुन लाग्ने सेवा अवधि | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| अधिकृत एघारौं | अधिकृत दशौं तहमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको। तर समावेशीको हकमा चार वर्ष सेवा अवधि पूरा गरेको। | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण। |
| अधिकृत नवौं | अधिकृत आठौं तहमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको। तर समावेशीको हकमा चार वर्ष सेवा अवधि पूरा गरेको। | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण। |
| अधिकृत सातौं | अधिकृत छैठौं तहमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको। तर समावेशीको हकमा चार वर्ष सेवा अवधि पूरा गरेको। | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण। |
| सहायक पाँचौं | सहायक चौथो तहमा कम्तिमा तीन वर्ष सेवा अवधि पूरा गरेको । | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा प्रविणता |

| | | |
|---|---|---|
| | तर समावेशीको हकमा दुई वर्ष सेवा अवधि पूरा गरेको। | प्रमाणपत्र तह, बाह्र कक्षा वा सो सरह उत्तीर्ण। |

तर कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका कर्मचारीको हकमा निजहरु तह बृद्धि नहुँदै राजपत्र अनङ्कित प्रथम श्रेणीमा लिएको सेवाकालिन तालिमलाई सातौं तहको बढुवाको लागि, राजपत्राङ्कित तृतीय श्रेणीमा लिएको सेवाकालिन तालिमलाई नवौं तहमा बढुवाका लागि र राजपत्राङ्कित द्वितीय श्रेणीमा लिएको सेवाकालिन तालिमलाई एघारौं तहमा बढुवाका लागि योग्य मानिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश स्वास्थ्य सेवाको आठौं तहमा खुला प्रतियोगिताद्धारा नियुक्ति भएका कर्मचारी नवौं तहमा यस दफा बमोजिम बढुवा हुन सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको भएमा तीन वर्ष सेवा अवधि पुगेको भएमा बढुवाको सम्भाव्य उम्मेदवार हुन सक्नेछ।

(३) यस दफाको प्रयोजनको लागि प्रदेश निजामती सेवामा समायोजन भई आएका कर्मचारीको हकमा उपदफा (१) बमोजिम बढुवाका लागि सेवा अवधि गणना गर्दा यस ऐन बमोजिम निजको तह वृद्धि भएको वा नभएको दुवै अवस्थामा समायोजन हुनु पूर्वको सेवा अवधि समेत जोडी गणना गरिनेछ।

(४) यस दफाको प्रयोजनको लागि प्रदेश निजामती सेवामा समायोजन भई आएका कर्मचारीको हकमा उपदफा (१) बमोजिम

बढुवाका लागि सेवा अवधि गणना गर्दा देहाय बमोजिम गणना गरिनेछ:-

(क) अधिकृत एघारौं तहको लागि अधिकृत दशौं, नवौं र समायोजन पूर्वको राजपत्राङ्कित द्वितीय श्रेणीको सेवा अवधि गरी कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको।

(ख) अधिकृत नवौं तहको लागि अधिकृत आठौं, सातौं र समायोजन पूर्वको राजपत्राङ्कित तृतीय श्रेणीको सेवा अवधि गरी कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको।

(ग) अधिकृत सातौं तहको लागि अधिकृत छैठौं, सहायक पाँचौं र समायोजन पूर्वको राजपत्र अनङ्कित प्रथम श्रेणीको सेवा अवधि गरी कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको।

तर यस उपदफा बमोजिम एकपटक बढुवा भइसकेको कर्मचारी पुनः बढुवा हुनुपरेमा उपदफा (१) बमोजिमको सेवा अवधि पूरा गर्नुपर्नेछ।

३२. **बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन नपाउने वा तह वृद्धि रोक्का**: दफा २८ र २९ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि निजामती कर्मचारी देहायको अवधिभर बढुवा र तह वृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन पाउने छैनः-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) नसिहत पाएकोमा नसिहत पाएको मितिले एक वर्षसम्म,

(ग) बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर,

(घ) तलब वृद्धि रोक्का भएकोमा रोक्का भएको अवधिभर

(ङ) प्राविधिक सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको सम्बन्धित व्यावसायिक परिषद्बाट दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर, वा

(च) सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले तीन वर्षको अवधिभर।

३३. **<u>तह वृद्धि वा बढुवा नियुक्तिको रोक्का तथा फुकुवा</u>**ः (१) कुनै कर्मचारीको बढुवा नियुक्ति नपाउदैं निलम्बन, बढुवा रोक्का वा तलब वृद्धि रोक्का भएमा निजको तह वृद्धि वा बढुवा नियुक्ति रोक्का राखिनेछ।

(२) उपदफा (१) बमोजिम नियुक्ति रोक्का भएको कुनै कर्मचारीको निलम्बन फुकुवा भएमा वा निलम्बनको अवधि समाप्त भएपछि निजलाई तह वृद्धि वा बढुवा भएको निर्णय मिति कायम हुने गरी तह वृद्धि वा बढुवा नियुक्ति दिइनेछ।

३४. **<u>कार्यक्षमताको आधारमा हुने बढुवाको आधार</u>**ः (१) बढुवा समितिले निजामती कर्मचारीले कार्यक्षमता बापत पाएको कुल अङ्कको आधारमा बढुवाको लागि सिफारिस गर्नेछ।

(२) निजामती कर्मचारीको कार्यक्षमताको मूल्याङ्कन गर्दा देहाय बमोजिम बढीमा एक सय अङ्क दिइनेछः-

(क) कार्यसम्पादन मूल्याङ्कन बापत -चालीस अङ्क

(ख) ज्येष्ठता बापत -तीस अङ्क

(ग) भौगोलिक क्षेत्रमा काम गरे बापत -पन्ध्र अङ्क

(घ) शैक्षिक योग्यता बापत -बाह्र अङ्क

(ङ) तालिम बापत -तीन अङ्क

(३) सम्भाव्य उम्मेदवारको कार्यसम्पादन मूल्याङ्कन बापत अङ्क गणना गर्दा आषाढ मसान्तसम्मको हिसाबले र अन्य अङ्कको गणना गर्दा बढुवाको दरखास्त दिने अन्तिम मितिसम्म हासिल गरेको अङ्क गणना गरिनेछ।

**३५. <u>कार्यसम्पादनको मूल्याङ्कन</u>**: (१) निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्न तोकिएको कार्य सम्पादन मूल्याङ्न फाराम प्रयोग गरिनेछ।

(२) कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन बापत दिइने अधिकतम कुल चालीस अङ्कको विभाजन देहाय बमोजिम हुनेछः

(क) सुपरीवेक्षकले दिन सक्ने अधिकतम पच्चीस अङ्क

(ख) पुनरावलोकनकर्ताले दिन सक्ने अधिकतम दश अङ्क

(ग) पुनरावलोकन समितिले दिन सक्ने अधिकतम पाँच अङ्क

(३) सुपरीवेक्षक, पुनरावलोकनकर्ता र पुनरावलोकन समितिले निजामती कर्मचारीको कार्यसम्पादन बापत अङ्क दिंदा यस दफा र कार्य सम्पादन मूल्याङ्कन फाराममा उल्लिखित आधारमा दिनु पर्नेछ।

(४) निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन वार्षिक रुपमा गरिनेछ।

(५) सहायक तहको निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा सम्बन्धित कार्यालय प्रमुख तथा विभागीय प्रमुखले तोकिएको अवधिभित्र मूल्याङ्कन गरी गराई त्यसको तीन प्रति तयार गरी एक प्रति प्रदेश लोक सेवा आयोग, एक प्रति बढुवा समितिको सचिवालयमा पठाई अर्को एक प्रति सम्बन्धित कार्यालयमा राख्नु पर्नेछ।

(६) अधिकृत तहका निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा सम्बन्धित मन्त्रालयको सचिवले तोकिएको अवधिभित्र मूल्याङ्कन गरी गराई त्यसको तीन प्रति तयार गरी एक प्रति प्रदेश लोक सेवा आयोग र एक प्रति बढुवा समितिको सचिवालयमा पठाई अर्को एक प्रति सम्बन्धित मन्त्रालयमा राख्नु पर्नेछ।

(७) कार्यसम्पादन मूल्याङ्कन गर्ने प्रत्येक निकायले तोकिएको अवधिभित्र आफूले मूल्याङ्कन गरेको फाराम पेश गर्नुपर्ने निकायमा पठाएको नामावली सहितको सूचना सात दिनभित्र आफ्नो कार्यालयको सूचना पाटी वा वेबसाईटमा प्रकाशन गर्नु पर्नेछ।

(८) एक वर्षमा एक भन्दा बढी कार्यालयमा कार्यरत कर्मचारीले सरुवा भई रमाना लिई आउँदा तोकिएको ढाँचामा सम्बन्धित सुपरीवेक्षकबाट कार्यसम्पादन मूल्याङ्कन फाराम भराई सो समेत लिई आउनु पर्नेछ।

(९) निजामती कर्मचारीले आफ्नो कार्यसम्पादन मूल्याङ्कन फाराम भरी तोकिएको समयावधिभित्र सम्बन्धित कार्यालयमा दर्ता गर्नुपर्नेछ। त्यस्तो अवधिभित्र दर्ता गर्न नसकी सोको मनासिव कारणसहित म्याद थपको लागि सम्बन्धित कर्मचारीले निवेदन दिएमा र सुपरीवेक्षकले निवेदनमा उल्लिखित कारण मनासिव देखेमा

तोकिएको समयावधि समाप्त भएको मितिले पन्ध्र दिनसम्मको म्याद थप गर्न सक्नेछ।

(१०) कुनै कर्मचारी अस्पताल भर्ना हुनु परेको कारणले समयमा कार्यसम्पादन मूल्याङ्कन फाराम भरी दर्ता गर्न नसकेको अवस्थामा अस्पतालबाट डिस्चार्ज भएको पन्ध्र दिनभित्र दर्ता गर्न सक्नेछ।

(११) उपदफा (९) बमोजिम थपिएको म्याद पछि सोही आर्थिक वर्षभित्र कार्यसम्पादन मूल्याङ्कन फाराम दर्ता हुन आएमा दर्ता भएको कार्यसम्पादन मूल्याङ्कन फाराममा मूल्याङ्कन बापत कुल प्राप्ताङ्कबाट पुनरावलोकन समितिले एक अङ्क घटाउनेछ।

(१२) कार्यसम्पादन मूल्याङ्कन फाराम भर्ने समयावधिमा कुनै निजामती कर्मचारी वैदेशिक तालिम, गोष्ठी वा अध्ययन भ्रमण आदिमा काजमा जानुपर्ने अवस्थामा त्यसरी जानुभन्दा अगावै कार्यसम्पादन मूल्याङ्कन फाराम भरी सम्बन्धित कार्यालयमा दर्ता गराउनु पर्नेछ र त्यसरी दर्ता भएको कार्यसम्पादन मूल्याङ्कन फारामलाई निर्धारित समयमै दर्ता भएको मानी मूल्याङ्कन गर्नु पर्नेछ।

(१३) निजामती कर्मचारीले समयमा नै भरी दर्ता गरेको कार्यसम्पादन मूल्याङ्कन फाराम तोकिएको अवधिभित्र मूल्याङ्कनका लागि मूल्याङ्कन गर्ने पदाधिकारीसमक्ष पेश नगर्ने कर्मचारी र समयमा मूल्याङ्कन नगर्ने पदाधिकारीलाई विभागीय कारबाही गरिनेछ।

(१४) प्रत्येक वर्ष पुनरावलोकन समितिबाट कार्यसम्पादन मूल्याङ्कन भइसकेपछि सम्बन्धित कर्मचारीले त्यस वर्ष प्राप्त गरेको कार्यसम्पादन मूल्याङ्कनको कुल अङ्क निजले निवेदन दिई माग गरेमा पुनरावलोकन समितिको सचिवालयले जानकारी दिनु पर्नेछ।

(१५) उपदफा (१४) बमोजिम जानकारी लिएपछि सुपरीवेक्षक र पुनरावलोकनकर्ताले गरेको मूल्याङ्कन कुनै कर्मचारीलाई चित्त नबुझेमा सो को ठोस आधार र कारणसहित सात दिनभित्र तोकिए बमोजिमको अधिकारीसमक्ष उजुरी गर्न सक्नेछ। त्यसरी उजुरी गरेकोमा त्यस्तो अधिकारीले उजुरी उपर सम्बन्धित सुपरीवेक्षक र पुनरावलोकनकर्तासँग परामर्श गरी आवश्यक छानबिन गर्नेछ र आवश्यक देखिएमा त्यस्तो मूल्याङ्कन फाराममा प्राप्त अङ्क तोकिए बमोजिम संशोधन गर्न सक्नेछ।

(१६) कार्य सम्पादन मूल्याङ्कन बापत सुपरीवेक्षक वा पुनरावलोकनकर्ताले पन्चानब्बे प्रतिशतभन्दा बढी वा पचहत्तर प्रतिशत भन्दा कम अङ्क प्रदान गरेकोमा सोको स्पष्ट कारण खुलाउनु पर्नेछ र पचहत्तर प्रतिशतभन्दा कम अङ्क दिएकोमा सम्बन्धित कर्मचारीलाई जानकारी गराई निजले प्रतिक्रिया दिएमा सो समेत राखी पुनरावलोकन समिति समक्ष पेश गर्नुपर्नेछ।

(१७) कार्यसम्पादन मूल्याङ्कनमा पुनरावलोकन समितिलाई सुपरीवेक्षक वा पुनरावलोकनकर्ता वा दुवैले गरेको मूल्याङ्कन चित्त नबुझेमा सोको स्पष्ट कारणसमेत खुलाई फिर्ता पठाउन सक्नेछ र त्यसरी फिर्ता पठाएकोमा सम्बन्धित मूल्याङ्कनकर्ताले पुनः मूल्याङ्कन गरी वा पहिले गरेको मूल्याङ्कनमा संशोधन गर्न आवश्यक नभए सोको औचित्यपूर्ण कारण खुलाई पठाउनु पर्नेछ।

(१८) कार्यसम्पादन मूल्याङ्कनको प्रयोजनको निमित्त अङ्क गणना गर्दा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्य सम्पादन मूल्याङ्कन फारामको औसतबाट हिसाब गरिनेछ।

तर

(क) अध्ययन वा तालिममा गएको वा निलम्बन भई निलम्बन फुकुवा भएकोमा निलम्बन अवधिको कार्य सम्पादन मूल्याङ्कन बापत त्यस्तो अध्ययन वा तालिममा जानुभन्दा वा निलम्बन हुनु भन्दा तत्काल अघिको कार्यसम्पादन मूल्याङ्कन भएमा सोही वर्षको र त्यस्तो कार्यसम्पादन मूल्याङ्कन नभएमा हाजिर भएपछि भरेको कार्य सम्पादन मूल्याङ्कनमा जति अङ्क पाएको छ सोही अनुपातमा अङ्क गणना गरिनेछ।

(ख) असाधारण बिदामा बसेको अवधिलाई कटाएर मात्रै सम्भाव्य उम्मेदवारको हिसाब गरिनेछ र त्यस्तो बिदा अवधिको कार्यसम्पादन मूल्याङ्कन फाराम भरिने छैन। असाधारण बिदामा बसेको कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको प्रयोजनको निमित्त अङ्क गणना गर्दा असाधारण बिदामा बसेको अवधि कटाई सोभन्दा अगाडि वा पछाडिका वर्षका बढुवाको लागि आवश्यक पर्ने अवधिको कार्यसम्पादन मूल्याङ्कन बापतको अङ्क गणना गरिनेछ।

(१९) कार्य सम्पादन मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**३६.** **<u>ज्येष्ठताको गणनाः</u>** निजामती कर्मचारीलाई ज्येष्ठता बापतको अङ्क प्रदान गर्दा हाल बहाल रहेको देहाय बमोजिमको पदमा काम गरे बापत देहायको दरले बढीमा तीस अङ्क प्रदान गरिनेछः-

(क) अधिकृत तहको पदमा काम गरे बापत प्रत्येक वर्षको तीन अङ्कका दरले,

(ख) सहायक तहको पदमा काम गरे बापत प्रत्येक वर्षको तीन दशमलव सात पाँच अङ्कका दरले।

तर

(१) ज्येष्ठता बापत गणना गर्दा एक वर्ष भन्दा बढी चानचुन महिना वा दिनको लागि दामासाहीको हिसाबले अङ्क दिइनेछ।

(२) यस दफाको प्रयोजनको लागि गयल भएको वा असाधारण बिदामा बसेको अवधिको अङ्क गणना गरिने छैन।

३७. **<u>भौगोलिक क्षेत्रको विभाजनः</u>** (१) निजामती कर्मचारीलाई विभिन्न भौगोलिक क्षेत्रमा काम गरेको अनुभवको अङ्क प्रदान गर्दा प्रदेशको विभिन्न भौगोलिक क्षेत्रलाई क्रमशः "क", "ख" र "ग" तीन वर्गमा विभाजन गरी एक वा एकभन्दा बढी वर्गमा काम गरेको अनुभव बापत पन्ध्र अङ्कमा नबढ्ने गरी देहाय बमोजिम अङ्क दिइनेछः-

(क) "क" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि अङ्क तीनका दरले,

(ख) "ख" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि अङ्क दुई दशमलव दुई पाँचका दरले,

(ग) "ग" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि अङ्क एक दशमलव पाँच शुन्यका दरले ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुँदाका बखत कुनै कर्मचारीले भौगोलिक क्षेत्र बापत प्राप्त गरिसकेको अङ्क घट्ने छैन।

(३) उपदफा (१) को प्रयोजनका लागि प्रदेशको भौगोलिक क्षेत्रको वर्गीकरण तोकिए बमोजिम हुनेछ।

(४) कुनै एक भौगोलिक क्षेत्रमा कम्तीमा दुई सय तेत्तीस दिन रुजु हाजिर नभई सो भौगोलिक क्षेत्रको अङ्क पाइने छैन। दुई सय तेत्तीस दिनभन्दा बढी अवधिको लागि दामासाहीको आधारमा अङ्क दिइनेछ।

(५) भौगोलिक क्षेत्रमा काम गरे बापत पाउने अङ्क जुन तहमा बढुवा हुने हो सो तहभन्दा एक तह वा श्रेणी मुनिको पदमा प्राप्त गरेको भए मात्र गणना गरिनेछ।

(६) अध्ययन बिदा तथा वैदेशिक तालिम काजमा जाने निजामती कर्मचारीलाई **"ग"** वर्गको लागि तोकिएको अङ्कको आधा अङ्क दिइनेछ।

३८. **शैक्षिक योग्यता र तालिमको मूल्याङ्कनः** (१) निजामती कर्मचारीलाई शैक्षिक योग्यताको अङ्क दिंदा प्रदेश निजामती सेवाको कुनै पदमा प्रवेश गर्न आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता बापत एकमुष्ठ नौ अङ्क र सेवा प्रवेशको निमित्त तोकिएको न्यूनतम शैक्षिक योग्यताभन्दा माथिको सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयको एक अतिरिक्त शैक्षिक उपाधि बापत एकमुष्ठ तीन अङ्क दिइनेछ। सेवा प्रवेश गर्न आवश्यक न्यूनतम शैक्षिक योग्यताभन्दा माथिल्लो शैक्षिक उपाधि मात्र पाएको अवस्थामा पनि सोही बराबरको दुवै अङ्क दिइनेछ।

(२) दफा १० को उपदफा (१) बमोजिम अधिकृत नवौं तह वा सो सरह वा सो भन्दा माथिको तहमा बढुवाको लागि प्रदेश स्वास्थ्य सेवाको चिकित्सक पदमा अधिकृत आठौं तह र अन्य प्रदेश निजामती सेवाको हकमा अधिकृत सातौं तह वा सो सरहको सेवाको पदमा सेवा प्रवेशको लागि निर्धारित न्यूनतम शैक्षिक योग्यतालाई न्यूनतम शैक्षिक योग्यता मानिनेछ।

(३) सेवाकालिन तालिम वापत प्रथम श्रेणीको लागि तीन अङ्क, द्वितीय श्रेणीको लागि दुई अङ्क र तृतीय श्रेणीको लागि एक अङ्क दिइनेछ।

(४) निजामती कर्मचारीलाई तालिमको अङ्क दिँदा तीस कार्य दिन वा सोभन्दा बढी अवधिको सेवासँग सम्बन्धित विषयको तोकिए बमोजिमको सेवाकालीन तालिम बापत अङ्क दिइनेछ र तालिमको अङ्क गणना गर्दा जुन तहमा बहाल रहँदा तालिम लिएको हो सोही तह भन्दा एक तह माथिको पदमा बढुवाको लागि मात्र गणना गरिनेछ।

(५) निजामती कर्मचारीले बढुवाको दरखास्त साथ शैक्षिक योग्यता र सेवाकालीन तालिमको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ र त्यस्तो प्रमाणपत्र पेश नगरेमा त्यसबापत अङ्क दिइने छैन।

(६) निजामती कर्मचारीले बढुवा प्रयोजनको लागि दरखास्तसँग पेश गरेको शैक्षिक योग्यता सो सेवा, समूह, उपसमूहसँग सम्बन्धित हो वा होइन भन्ने सम्बन्धमा तोकिए बमोजिमको सम्बद्धता निर्धारण समितिले निर्णय गरे बमोजिम हुनेछ। बढुवा प्रयोजनको लागि पेश गरेको शैक्षिक योग्यताको सम्बद्धता निर्धारण

दरखास्त दिने अन्तिम मितिसम्म भएमा त्यस्तो शैक्षिक योग्यताको अङ्क बढुवाको लागि गणना गरिनेछ।

(७) यस दफाको अधीनमा रही तालिम दिने संस्था र तालिमको स्तर सम्बन्धी व्यवस्था सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालयसँग समन्वय गरी प्रमुख निकायले तोके बमोजिम हुनेछ।

(८) निजामती कर्मचारीलाई तालिमको लागि मनोनयन गर्दा तालिमको आवश्यकता मूल्याङ्कन गरी सम्बन्धित सेवा समूहको कार्यालयको कार्य प्रभावकारिता र ज्येष्ठताको आधारमा मनोनयन गर्नु पर्नेछ।

(९) अधिकृतस्तर बाह्रौं तहको निजामती कर्मचारीको तोकिए बमोजिम नेतृत्व मूल्याङ्कन गरिनेछ।

**३९. ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा**: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बढुवा समितिले ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनको आधारमा बढुवाको लागि सिफारिस गर्दा बढुवा हुने पद भन्दा एक तह मुनीको पदमा सबै भन्दा बढी सेवा अवधि भएका उम्मेदवारलाई देहायका आधारमा सिफारिस गर्नेछः-

(क) बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन आवश्यक पर्ने सेवा अवधि बराबरको पछिल्लो त्यति वर्षको कार्यसम्पादन मूल्याङ्कनको औसतमा पन्चानब्बे प्रतिशत वा सोभन्दा बढी अङ्क प्राप्त गरेको,

(ख) अधिकृत नवौं वा सो भन्दा माथिको पदको लागि सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा

कम्तीमा स्नातक तह वा सो सरहको तथा सातौं तहको पदको लागि सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको शैक्षिक योग्यता तथा चौथो तथा पाँचौं तहको पदको लागि सम्बन्धित सेवा समूह, उपसमूहसँग सम्बन्धित विषयमा कम्तिमा बढुवा हुने पद भन्दा एक तह मुनिको सेवा प्रवेश गर्न आवश्यक पर्ने न्यूनत्तम शैक्षिक योग्यता भएको,

(ग) बढुवा हुने पद भन्दा एक तह मुनिको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा कम्तिमा तीस कार्यदिनको सेवाकालीन तालिम लिएको,

तर कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका कर्मचारीले तहबृद्धि नहुँदै राजपत्र अनङ्कित प्रथम श्रेणीमा लिएको सेवाकालिन तालिमलाई सातौं तहको बढुवाको लागि, राजपत्राङ्कित तृतीय श्रेणीमा लिएको सेवाकालिन तालिमलाई नवौं तहमा बढुवाका लागि र राजपत्राङ्कित द्वितीय श्रेणीमा लिएको सेवाकालिन तालिमलाई एघारौं तहमा बढुवाका लागि योग्य मानिनेछ।

(घ) हाल बहाल रहेको तहको पदमा भौगोलिक क्षेत्रमा काम गरे बापत दफा ३७ बमोजिम अङ्क प्राप्त गरेको।

(२) यस ऐन बमोजिम बढुवा गर्दा यस दफा बमोजिम गरिने बढुवाको कारबाही सम्पन्न गरी सिफारिस गरेपछि कार्यक्षमताको मूल्याङ्कनद्वारा गरिने बढुवाको सिफारिस गर्नु पर्नेछ।

४०. **विद्युतीय माध्यमबाट दरखास्त पेश गर्न सक्नेः** कुनै निजामती कर्मचारीले सरकारी काम वा अध्ययन वा काजको सिलसिलामा विदेशमा रही वा विपद् वा काबु बाहिरको परिस्थितिमा परी दरखास्त संकलन गर्ने निकायमा बढुवाको दरखास्त पेश गर्न नसक्ने भएमा बढुवाको सूचनाको म्यादभित्रै तोकिए बमोजिमको विद्युतीय माध्यमबाट आफू कार्यरत निकायमा दरखास्त पेश गर्न सक्नेछ।

४१. **झुठा विवरण पेश गरेमा कारबाही हुनेः** (१) कुनै उम्मेदवारले बढुवाको दरखास्त फाराम भर्दा बढुवामा असर पर्ने गरी झुट्टा विवरण पेश गरेको प्रमाणित भएमा निजलाई विभागीय कारबाही गरिनेछ।

(२) उपदफा (१) बमोजिम पेश भएको झुट्टा विवरणको आधारमा कुनै निजामती कर्मचारीको बढुवा भएमा निजको बढुवा रद्द हुनेछ।

४२. **बढुवाको उजुरीः** (१) दफा ३० बमोजिमको समितिले गरेको बढुवामा चित्त नबुझ्ने कर्मचारीले त्यस्तो बढुवा सिफारिस गरेको मितिले एक्काइस दिनभित्र प्रदेश लोक सेवा आयोगमा उजुरी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम पर्न आएको उजुरी झुट्टा ठहरिएमा उजुरी पछि हुने बढुवामा त्यस्तो उजुरीकर्ताको पहिलो

पटकको उजुरी भए दुई अङ्क घटाइने र दोस्रो पटकको उजुरी भए तीन अङ्क घटाइनेछ।

तर कुनै कर्मचारीले बढुवामा चित्त नबुझी प्रचलित सूचनाको हक सम्बन्धी कानून बमोजिम आफू बढुवा हुन नसक्नुको कारण खोली निवेदन दिएमा सो निवेदनलाई यस उपदफा बमोजिमको उजुरी मानिने छैन।

(३) उपदफा (१) बमोजिम पर्न आएका उजुरी टुङ्गो लागेपछि पहिले प्रकाशित बढुवा नामावली संशोधन गर्नु पर्ने भएमा उजुरी सुन्ने अधिकारीले सोको सूचना बढुवा समितिलाई दिनु पर्नेछ।

(४) उपदफा (२) र (३) बमोजिम भएको कारबाहीको सूचना सम्बन्धित कर्मचारी लगायत बढुवा समितिको सचिवालय र सम्बन्धित कर्मचारी कार्यरत रहेको मन्त्रालयमा पठाउनु पर्नेछ।

(५) उपदफा (१) बमोजिम परेको उजुरीमा उजुरी गर्ने म्याद नाघेको मितिले साठी दिनभित्र उजुरीको टुङ्गो लगाउनु पर्नेछ।

(६) बढुवाको उजुरी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४३. **<u>बढुवा मिति र बढुवा नियुक्ति</u>**: (१) दफा ३० को उपदफा (६) बमोजिम बढुवा नतिजा प्रकाशन भए पछि बढुवा उजुरीको प्रयोजनको लागि सो नतिजा प्रकाशन भएको मितिबाट एक्काईस दिनसम्म बढुवा सिफारिस पाउने उम्मेदवारलाई बढुवा नियुक्ति नदिई प्रतिक्षा सूचीमा राखिनेछ। त्यस्तो बढुवा सिफारिस उपर उजुरी नपरेमा सो नामावली प्रकाशन भएको मितिले बाईसौं (उजुरी गर्ने म्याद सकिएको भोलिपल्ट) दिनको मितिबाट बढुवा हुने तहको ज्येष्ठता कायम हुने गरी नियुक्ति दिनु पर्नेछ।

(२) बढुवा सिफारिस उपर उजुरी परेमा देहाय बमोजिम मिति कायम गरी नियुक्ति दिनु पर्नेछः-

(क) उजुरी खारेज भएमा वा पहिलेको बढुवा सिफारिस नै कायम भएमा पहिलो पटक बढुवा नतिजा प्रकाशन भएको मितिले बाईसौं दिनदेखि,

(ख) दफा ४२ को उपदफा (३) बमोजिम बढुवा सिफारिस संशोधन गर्ने निर्णय भएमा सो बमोजिम संशोधित नतिजा प्रकाशन भएको मितिदेखि, वा

(ग) कुनै बढुवा सम्बन्धमा अदालतमा मुद्दा परी बढुवा बदर भई पुनः बढुवा समितिबाट बढुवा सम्बन्धी निर्णय गरेमा पछिल्लो पटक बढुवा समितिबाट निर्णय भएको मितिदेखि।

४४. **बढुवा सम्बन्धी विशेष व्यवस्थाः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एउटै तहमा कम्तीमा दश वर्ष बहाल रहिरहेका अधिकृत एघारौं तह वा सो भन्दा मुनिका निजामती कर्मचारीलाई अनिवार्य अवकाश हुने मिति भन्दा एक महिना अगावै बहाल रहेको पदभन्दा एक तह माथिल्लो पदमा बढुवा गरी अवकाश दिइनेछ।

(२) उपदफा (१) बमोजिम बढुवा गर्नका लागि स्वतः विशेष पद सृजना हुनेछ र त्यस्तो कर्मचारी अवकाश भएपछि सो पद स्वतः खारेज हुनेछ।

(३) एउटै पदमा उपदफा (१) बमोजिम अवधि पूरा भएको कुनै निजामती कर्मचारीको मृत्यु भएमा त्यस्तो कर्मचारीको

परिवारलाई बहाल रहेको तहको पदभन्दा एक तह माथिल्लो पदको निवृत्तिभरण लगायतका अन्य सुविधा प्रदान गरिनेछ।

४५. **<u>सेवा, समूह वा उपसमूह परिवर्तन सम्बन्धी:</u>** (१) कुनै सेवा, समूह वा उपसमूहको कुनै पद लगातार दुई वर्षसम्म पूर्ति हुन नसकी अन्य सेवा, समूह वा उपसमूहबाट सेवा परिवर्तन गरी पूर्ति गर्नु पर्ने भएमा प्रदेश सरकारले प्रदेश लोक सेवा आयोगमा लेखी पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा प्रदेश लोक सेवा आयोगले सम्बन्धित सेवा, समूह वा उपसमूह र पदको लागि निर्धारण गरिएको न्यूनतम शैक्षिक योग्यता भएका समान तहको पदमा बहाल रहेका कर्मचारी प्रतिस्पर्धात्मक परीक्षामा सहभागी हुन सक्ने गरी विज्ञापन प्रकाशन गर्नेछ र यसरी हुने प्रतिस्पर्धात्मक परीक्षाको माध्यमबाट छनोट भएका कर्मचारीलाई प्रदेश सरकारले सेवा, समूह वा उपसमूह परिवर्तन गर्नेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले प्रदेश स्वास्थ्य सेवामा बहाल रहेको कुनै कर्मचारीलाई विशेष योग्यता हासिल गर्न अध्ययनमा पठाएकोमा त्यस्तो कर्मचारी अध्ययन पूरा गरी सेवामा हाजिर भएपछि प्रदेश लोक सेवा आयोगको परामर्शमा निजको विशेष योग्यतासँग सम्बन्धित सेवाको अन्य समूह वा उपसमूहमा तोकिए बमोजिम परिवर्तन गर्न सक्नेछ।

(४) यस दफामा व्यवस्था भए बमोजिम बाहेक कर्मचारीको सेवा, समूह वा उपसमूह परिवर्तन हुने छैन।

४६. **बढुवाको शर्तमा परिवर्तनः** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा भएको बढुवाका शर्तसम्बन्धी व्यवस्था परिवर्तन गर्दा त्यस्तो शर्त परिवर्तन भएको मितिले एक वर्ष पछि मात्र लागू हुनेछ।

## परिच्छेद-६

## तलब, भत्ता र अन्य सुविधा

४७. **तलब भत्ताः** (१) निजामती कर्मचारीले आफ्नो पदमा बहाली गरेको दिनदेखि तलब भत्ता पाउनेछ।

(२) निजामती कर्मचारीलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्नका लागि प्रदेश सरकारले आवश्यक व्यवस्था गर्न सक्नेछ।

(३) संघीय निजामती सेवाको कर्मचारी प्रदेश सरकार मातहतको निकायको स्वीकृत दरबन्दीमा खटिंदा प्रदेश निजामती सेवाको समान तह कायम हुने पदको शुरु तलब सुविधा भन्दा कम हुने छैन।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशको कुनै कार्यालयमा कार्यरत निजामती कर्मचारीको तोकिएको कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गरिने छैन।

(५) उपदफा (४) बमोजिम तलबी प्रतिवेदन पारित नगरी तलब भुक्तानी गरेमा त्यस्तो निजामती कर्मचारीले पाएको तलब, भत्ता त्यसरी भुक्तानी गर्ने पदाधिकारीबाट असुल उपर गरिनेछ।

(६) प्रत्येक निजामती कर्मचारीले एक वर्षको सेवा अवधि पूरा गरेपछि तोकिए बमोजिम एक दिनको तलब बराबरको रकम तलब वृद्धि (ग्रेड) पाउनेछ।

(७) कुनै निजामती कर्मचारीको तलब वृद्धि रोक्का भएकोमा तलब वृद्धि कुन मितिदेखि फुकुवा हुने हो सोको विवरण सम्बन्धित अधिकारीले लिखित रुपमा अभिलेख राख्नु पर्नेछ।

४८. **<u>तलब भत्ता पाउने</u>**: (१) निजामती कर्मचारीले प्रत्येक महिना भुक्तान भएपछि पकाएको तलब र भत्ता पाउने भए भत्ता समेत पाउनेछ।

(२) कुनै निजामती कर्मचारी जुनसुकै तरिकाले सेवामा नरहे पनि पकाएको तलब भत्ता पाउनेछ।

(३) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै पनि निजामती कर्मचारीको तलब वा भत्ता कट्टा गरिने छैन।

(४) कुनै निजामती कर्मचारीले पाउने तलब सो कर्मचारी काम गरिरहेको वा बिदामा बसेको बखत रोकिने छैन।

४९. **<u>कार्य सम्पादन प्रोत्साहन</u>**: निजामती कर्मचारीको कार्य सम्पादन, कार्य परिणाम र प्राप्त नतिजाको आधारमा निजामती कर्मचारीलाई प्रोत्साहन गर्न कार्य सम्पादन कोष वा अन्य उपयुक्त व्यवस्था तोकिए बमोजिम हुनेछ।

५०. **<u>निलम्बन भएमा पाउने तलब</u>**: (१) कुनै निजामती कर्मचारी सरकारी कामको सम्बन्धमा वा प्रदेश सरकारको तर्फबाट भएको कारबाहीको फलस्वरूप निलम्बन भएमा सो निलम्बनको अवधिभर निजले आफ्नो तलबको आधा मात्र तलब पाउनेछ।

तर निजले सफाइ पाएमा निलम्बन रहेको अवधिमा आधा तलब पाएको भए सो कट्टा गरी र नपाएको भए पुरै तलब (तलब वृद्धि हुने भएमा सो समेत) पाउनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निजामती कर्मचारी निलम्बन भएकोमा त्यस्तो मुद्दामा अदालतबाट कसूरदार ठहरिएमा निलम्बन भएको मितिदेखि निजले बाँकी तलब पाउने छैन।

**५१. <u>चाडपर्व खर्च तथा अन्य सुविधाः</u>** (१) निजामती कर्मचारीले आफ्नो धर्म, संस्कृति, परम्परा अनुसार मनाउने चाडपर्वको लागि खाइ पाइ आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक आर्थिक बर्षमा एक पटक चाडपर्व खर्चको रुपमा पाउनेछन्। त्यस्तो चाडपर्व खर्च लिंदा कुन चाड पर्वमा लिने हो सो खुलाई कार्यरत कार्यालयमा जानकारी गराउनु पर्नेछ ।

(२) निवृत्तभरण पाउने गरी अवकाश प्राप्त प्रदेश निजामती कर्मचारी वा निजको पारिवारिक निवृत्तभरण पाउने व्यक्तिले निजले पाउने एक महिनाको निवृतभरण बराबरको रकम चाडपर्व खर्चको रुपमा पाउनेछ।

(३) निजामती कर्मचारीले पाउने उपचार खर्च, अशक्त वृत्ति, अङ्गभङ्ग भए बापत पाउने सुविधा, असाधारण पारिवारिक निवृत्तिभरण तथा उपदान, शैक्षिक सुविधा, सन्तति शैक्षिक वृत्ति, शिशु स्याहार भत्ता वा अन्य सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**५२. <u>कर्मचारी सञ्चय कोषः</u>** (१) निजामती कर्मचारीको मासिक तलबबाट दश प्रतिशतका दरले हुने रकम कट्टा गरी सो रकममा प्रदेश सरकारले शत प्रतिशत रकम थप गरी कर्मचारी सञ्चयकोषमा जम्मा गर्नेछ।

(२) निलम्बन भएको निजामती कर्मचारीले आधा तलब पाएको भएमा सोही बमोजिम आधा तलबको दश प्रतिशतका दरले हुने रकम कट्टा गरी उपदफा (१) बमोजिम प्रदेश सरकारले सञ्चय कोषमा जम्मा गर्नेछ।

**५३. <u>सावधिक जीवन बिमा</u>ः** (१) निजामती कर्मचारीले संघीय निजामती सेवाका कर्मचारीलाई भए सरहको सावधिक जीवन बीमा र सो बापतको सुविधा पाउनेछ।

(२) उपदफा (१) बमोजिमको सावधिक जीवन बीमाको व्यवस्थापन प्रचलित कानून बमोजिम स्थापना भएको सावधिक जीवन बीमा कोषबाट हुनेछ।

**५४. <u>कर्मचारीको स्वास्थ्य बीमा</u>ः** निजामती कर्मचारी र निजको परिवारको उपचारको लागि प्रदेश सरकारले स्वास्थ्य बीमा कार्यक्रम लागू गर्न सक्नेछ।

**५५. <u>विशेष आर्थिक सुविधा</u>ः** कुनै निजामती र करारका कर्मचारी सेवामा छँदै मृत्यु भएमा निजको परिवारलाई एकमुष्ट एक लाख पचास हजार रुपैयाँ विशेष आर्थिक सुविधाको रुपमा प्रदान गरिनेछ।

## परिच्छेद-७

## <u>अवकाश, उपदान र निवृत्तिभरण</u>

**५६. <u>अनिवार्य अवकाश</u>ः** (१) प्रदेश निजामती सेवाको कर्मचारीले अन्ठाउन्न वर्ष उमेर पूरा भएपछि प्रदेश निजामती सेवाबाट अनिवार्य अवकाश पाउनेछ।

तर कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएको स्वास्थ्य सेवाका कर्मचारीहरुको अनिवार्य अवकाशको उमेरको हद साठी वर्षको हुनेछ ।

(२) दफा २२ बमोजिमको कर्मचारीको हकमा सो बमोजिमको पदावधि वा उपदफा (१) बमोजिमको उमेर मध्ये जुन आधारमा पहिले अवकाश हुने हो सोही आधारमा अवकाश हुनेछ।

५७. **उमेर गणनाः** (१) यस ऐन बमोजिम अनिवार्य अवकाश वा अन्य प्रयोजनका लागि निजामती कर्मचारीको उमेर गणना गर्दा निजले पेश गरेको नागरिकताको प्रमाणपत्र वा शैक्षिक प्रमाणपत्रमा उल्लेख भएको जन्मदिन वा वर्षबाट हुन आउने उमेर मध्ये जुन उमेरबाट निज पहिले अवकाश हुन्छ सोही आधारमा गणना गरिनेछ।

(२) कुनै कर्मचारीको शैक्षिक योग्यता वा नागरिकताको प्रमाणपत्र र व्यक्तिगत विवरणमा वर्ष संवत् वा उमेर मात्र उल्लेख भएकोमा देहायको आधारमा जन्म मिति कायम गरिनेछः-

(क) नागरिकताको प्रमाणपत्रको हकमा प्रमाणपत्र जारी गरेको मितिको आधारमा,

(ख) शैक्षिक योग्यताको प्रमाणपत्रको हकमा प्रमाणपत्र जारी भएको मितिको आधारमा।

(३) कुनै कर्मचारीले उमेरको व्यहोरा फरक पारि गलत विवरण पेश गरेमा प्रचलित कानून बमोजिम थप कारबाही हुनेछ।

५८. **असमर्थ कर्मचारीको सम्बन्धमाः** कुनै निजामती कर्मचारी शारीरिक वा मानसिक रोगको कारणबाट नियमित रूपमा सेवा गर्न असमर्थ छ भनी प्रदेश सरकार वा नेपाल सरकारले गठन गरेको मेडिकल

बोर्डबाट प्रमाणित भई आएमा प्रदेश सरकारले निजलाई निजको सेवा अवधिमा बढीमा सात वर्ष सेवा अवधि थप गरी अवकाश दिन सक्नेछ।

५९. **<u>स्वेच्छिक अवकाशः</u>** कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका कर्मचारी निवृत्तभरण पाउने अवस्था र उमेर हद पचास वर्ष पूरा भएमा संघीय निजामती सेवा सम्बन्धी कानूनको अधिनमा रहि प्रदेश सरकारद्वारा प्रकाशित प्रदेश राजपत्रको सूचनामा तोकिएको अवधिभित्र सोहि सूचनामा उल्लिखित शर्तमा स्वेच्छिक अवकाश लिन सक्नेछन् ।

६०. **<u>उपदान</u>ः** पाँच वर्ष वा सोभन्दा बढी अवधि सेवा गरेको तर निवृत्तिभरण पाउने अवधि नपुगेको निजामती कर्मचारीले अवकाश पाएमा वा राजीनामा स्वीकृत गराई पदबाट अलग भएमा वा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी पदबाट हटाइएमा देहायको दरले उपदान पाउनेछः-

(क) पाँच वर्षदेखि दश वर्षसम्म सेवा गरेकोमा काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब,

(ख) दश वर्षभन्दा बढी पन्ध्र वर्षसम्म सेवा गरेकोमा काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब,

(ग) पन्ध्र वर्षभन्दा बढी बीस वर्षभन्दा कम सेवा गरेकोमा काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी दुई महिनाको तलब।

**<u>स्पष्टीकरण</u>**: यस दफा र दफा ६१ को प्रयोजनको लागि "आखिरी तलब" भन्नाले सम्बन्धित निजामती कर्मचारीको अवकाश प्राप्त गर्ने अवस्थाको तलबलाई जनाउँछ र त्यसरी अवकाश प्राप्त गर्ने अवस्थामा कुनै निजामती कर्मचारी असाधारण बिदा वा निलम्बन रहेको भए त्यस्तो अवधिको निमित्त समेत पूरै तलबको हिसाब गरिनेछ।

**६१. <u>निवृत्तिभरण</u>**: (१) बीस वर्ष वा सो भन्दा बढी अवधि सेवा गरेको निजामती कर्मचारीले अवकाश पाएमा वा राजीनामा स्वीकृत गराई पदबाट अलग भएमा वा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी पदबाट हटाईएमा देहाय बमोजिमको हिसावले मासिक निवृत्तिभरण पाउनेछः

$$\frac{\text{जम्मा सेवा वर्ष} \times \text{आखिरी तलबको रकम}}{५०}$$

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तिभरणको न्यूनतम रकम समान पदको बहालवाला निजामती कर्मचारीको तलबको शुरु अङ्कको आधा भन्दा कम र अधिकतम रकम समान पदको बहालवाला निजामती कर्मचारीको तलबको शुरु स्केल भन्दा बढी हुनेछैन।

(३) पन्ध्र वर्ष सेवा अवधि पूरा गरेको कुनै निजामती कर्मचारीको मृत्यु भएमा निजको सेवा अवधिमा बढीमा पाँच वर्षसम्म

थप गरी निजको परिवारले निवृत्तिभरण वा उपदान मध्ये जुन लिन चाहन्छ सो रोजेर लिन दिइनेछ।

(४) कुनै सरकारी सेवाको पदमा अघि गरेको सेवाबापत निवृत्तिभरण पाइरहेको व्यक्ति पछि प्रदेश निजामती सेवाको पदमा नियुक्त भएमा निजले पछि गरेको सेवा अवधिमा अघि गरेको सेवा अवधि जोडी यस दफा बमोजिम निवृत्तिभरण लिन पाउनेछ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एउटै तहमा कम्तीमा दश वर्ष सेवा अवधि पूरा गरेको बहालवाला कुनै निजामती कर्मचारीको मृत्यु भएमा बढीमा पाँच वर्षसम्म अवधि थप गरी त्यस्तो कर्मचारीको परिवारलाई बहाल रहेको तहको पदभन्दा एक तह माथिल्लो पदको निवृत्तिभरण वा उपदान मध्ये जुन लिन चाहन्छ सो रोजेर लिन पाउने सुविधा प्रदान गरिनेछ।

६२. **<u>निवृत्तिभरणमा वृद्धि</u>**ः बहालवाला निजामती कर्मचारीको तलब वृद्धि हुँदा तलबको शुरु अङ्कमा जति वृद्धि भएको छ त्यसको दुई तिहाई रकम समान पदका निवृत्त निजामती कर्मचारीको निवृत्तिभरण रकममा समेत थप गरिनेछ।

६३. **<u>पारिवारिक निवृत्तिभरण र उपदान</u>**ः (१) कुनै निजामती कर्मचारीको सेवामा छँदै मृत्यु भएमा निजको मृत्यु भएको सात वर्षसम्म र निवृत्तिभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा सात वर्ष पुग्न बाँकी अवधिसम्म निजको परिवारका सदस्यलाई दफा ६० वा दफा ६१ मा लेखिए बमोजिम उपदान वा निवृत्तिभरण प्राप्त हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजामती कर्मचारीको सेवामा छँदै मृत्यु भएकोमा त्यस्तो निवृत्तिभरण

सात वर्ष भन्दा बढी समय प्राप्त हुने छैन र निवृत्तिभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएकोमा सात वर्षको अविध व्यतित भएपछि यस्तो निवृत्तिभरण प्राप्त हुने छैन।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तिभरण पाउने व्यक्ति नाबालिग रहेछ भने निज बालिग नभएसम्म त्यस्तो निवृत्तिभरण पाउनेछ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको पारिवारिक निवृत्तिभरण त्यस्तो मृतक निजामती कर्मचारीको विधुर पति वा विधवा पत्नीले पाउने भएमा त्यस्तो निजामती कर्मचारीको सेवामा हुँदै मृत्यु भएकोमा मृत्यु भएको सात वर्ष पछि, निवृत्तिभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएकोमा सात वर्ष अवधि व्यतित भएपछि र निवृत्तिभरण पाउन थालेको सात वर्ष व्यतित भईसकेपछि मृत्यु भएकोमा निज कर्मचारीको मृत्यु भएको मितिदेखि आजीवन निजले पाउने निवृत्तिभरणको आधा रकम त्यस्तो विधुर पति वा विधवा पत्नीले पाउनेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजामती कर्मचारीको निवृत्तिभरण पाइरहेको विधुर पति वा विधवा पत्नीको मृत्यु भएमा वा निजले अर्को विवाह गरेमा त्यस्तो निजामती कर्मचारीको नाबालिग सन्तानले बालिग नभएसम्म त्यस्तो निवृत्तिभरणको रकम तोकिए बमोजिम पाउनेछ।

(६) बहालवाला निजामती कर्मचारीको तलब वृद्धि हुँदा तलबको शुरु अङ्कमा जति वृद्धि भएको छ, त्यसको दुई तिहाई रकम उपदफा (१), (३), (४) र (५) बमोजिम पारिवारिक

निवृत्तिभरण पाइरहेका व्यक्तिले खाइपाई आएको पारिवारिक निवृत्तिभरण रकममा समेत थप गरिनेछ।

(७) कुनै निजामती कर्मचारीको यस ऐन बमोजिम पाउने कुनै रकम लिन नपाउँदै मृत्यु भएमा सो रकम निजको परिवारका सदस्यमध्ये यस ऐन बमोजिम निजको निवृत्तिभरण वा उपदान पाउने ठहरिएको व्यक्तिले लिन पाउनेछ।

(८) निवृत्तिभरण वा उपदान दिंदा मृतक निजामती कर्मचारीले कसैलाई इच्छाएको रहेछ भने सो व्यक्तिलाई र कुनै कारणले सो व्यक्तिले पाउन नसक्ने अवस्था भएमा वा कसैलाई पनि इच्छाएको रहेनछ भने क्रमश: त्यस्तो कर्मचारीको सगोलको पति वा पत्नी, छोराछोरी, बाबुआमा, बाजेबज्यै, सासुससुरा वा प्रचलित कानून बमोजिमको नजिकको हकवालालाई दिइनेछ।

६४. **सुविधा दाबी गर्नुपर्ने**: (१) सेवा निवृत्त हुने निजामती कर्मचारी वा निजको परिवारका सदस्यले सेवा निवृत्त भएपछि सम्बन्धित कार्यालय मार्फत नियमानुसार पाउने निवृत्तिभरण, उपदान लगायतका सुविधा लिनका लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेको एक महिनाभित्र प्रदेश किताबखानाले सुविधा निर्धारण गरी निवृत्तिभरण व्यवस्थापन कार्यालयमा पठाउनु पर्नेछ र निवृत्तिभरण व्यवस्थापन कार्यालयले यसरी प्राप्त भएपछि यथाशीघ्र निवृत्तिभरण उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ।

(३) यस ऐन बमोजिम नियुक्त हुने कर्मचारीलाई प्रदान गरिने निवृत्तिभरण र सो को कार्यालय व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

**६५. <u>बेपत्ता भएको निजामती कर्मचारीको निवृत्तिभरण र उपदान</u>:** (१) प्रदेश निजामती सेवामा रही काम गरेको कुनै निजामती कर्मचारी हराई बेपत्ता भई दुई वर्षसम्म जीवित रहे नरहेको पत्ता नलागेमा त्यस्तो कर्मचारीले दफा ६० वा दफा ६१ बमोजिम पाउने उपदान वा निवृत्तिभरणको रकम दफा ६४ बमोजिम निजको परिवारका सदस्य मध्ये नजिकको हकवालालाई दिनु पर्नेछ।

(२) बेपत्ता भएको निजामती कर्मचारी पछि फेला परेमा दफा ६० बमोजिमको उपदान भुक्तानी दिई नसकेको भए सो उपदान वा दफा ६१ बमोजिम पाउने निवृत्तिभरणको रकम निजले दाबी गर्न आएको मितिदेखि निजलाई नै दिइनेछ।

तर उपदफा (१) बमोजिम भुक्तानी दिइसकेको उपदान, निवृत्तिभरण वा पारिवारिक निवृत्तिभरण रकममा पछि फेला परेको व्यक्तिले दाबी गर्न पाउने छैन।

**६६. <u>पारिवारिक निवृत्तिभरण सम्बन्धी विशेष व्यवस्था</u>:** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले खटाएको कार्यसम्पादन गर्ने सिलसिलामा कुनै निजामती कर्मचारीको तत्काल मृत्यु भएमा वा त्यसको कारणबाट निको नहुँदै पछि मृत्यु भएमा त्यस्तो कर्मचारीको सेवा अवधि बीस वर्ष पुगेको भएमा सेवा अवधिको आधारमा र बीस वर्षभन्दा कम रहेछ भने बाँकी अवधि थप गरी निजको पति वा पत्नीलाई दफा ६१ बमोजिमको निवृत्तिभरणको रकम आजीवन दिइनेछ।

(२) उपदफा (१) बमोजिमको निवृत्तिभरण प्राप्त गर्ने व्यक्तिले दफा ६३ बमोजिमको पारिवारिक निवृत्तिभरण वा उपदान पाउने छैन।

(३) उपदफा (१) बमोजिम मृत्यु भएको निजामती कर्मचारीको पति वा पत्नी नभएमा वा निजले अर्को विवाह गरेमा वा निजको मृत्यु भएमा त्यस्तो कर्मचारीको छोरा छोरीले बालिग नभएसम्म त्यस्तो निवृत्तिभरण रकम तोकिए बमोजिम पाउनेछन्।

(४) बहालवाला निजामती कर्मचारीको तलब वृद्धि हुँदा तलबको शुरु अङ्कमा जति वृद्धि भएको छ त्यसको दुई तिहाइ रकम यस दफा बमोजिम निवृत्तिभरण पाइरहेका व्यक्तिले खाइपाई आएको पारिवारिक निवृत्तिभरण रकममा समेत वृद्धि गरिनेछ।

(५) कुनै निजामती कर्मचारी सरकारी कामको सिलसिलामा दुर्घटना वा द्वन्द्वमा परी घाइते भएमा वा अङ्गभङ्ग भएमा त्यस्तो कर्मचारीको सुविधा सम्पन्न अस्पतालमा तत्काल उपचारको व्यवस्था प्रदेश सरकारले मिलाउनेछ र उपचारका लागि लाग्ने सम्पूर्ण खर्च समेत प्रदेश सरकारले व्यहोर्नेछ।

**६७. <u>योगदानमा आधारित निवृत्तिभरणः</u>** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि योगदानमा आधारित निवृत्तिभरण सम्बन्धी संघीय कानूनमा उल्लेख भएको अवधि पछि नियुक्ति हुने निजामती कर्मचारीले योगदानमा आधारित निवृत्तिभरण पाउनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि योगदानमा आधारित निवृत्तिभरण सम्बन्धी संघीय कानूनमा उल्लेख भएको अवधि अघिदेखि नै निजामती सेवामा बहाल रहेको वा कर्मचारी समायोजन सम्बन्धी संघीय कानून बमोजिम संघीय

निजामती सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएको कर्मचारी खुला वा अन्तर तह प्रतियोगितात्मक परीक्षामा छनौट भई वा बढुवा भई प्रदेश निजामती सेवामा निरन्तर सेवामा रहेको भएमा निजको हकमा यो दफा आकर्षित हुने छैन।

(३) यस दफा बमोजिम दिइने निवृत्तिभरण र सोसँग सम्बन्धित अन्य सुविधा प्रचलित कानून बमोजिम स्थापना भएको निवृत्तिभरण कोषबाट व्यहोरिनेछ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम योगदानमा आधारित निवृत्तिभरण पाउने निजामती कर्मचारीले दफा ६०, ६१, ६२, ६३, ६४, ६५ र ६६ बमोजिमको सुविधा पाउने छैन।

## परिच्छेद-८

## तालिम, अध्ययन र छात्रवृत्ति

६८. **तालिम सम्बन्धी**: (१) प्रदेश सरकारले निजामती कर्मचारीको सीप र क्षमता वृद्धिको लागि आवश्यकता अनुसार तालिम वा प्रशिक्षण दिने व्यवस्था गर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि प्रदेश सरकारले तालिम वा प्रशिक्षण केन्द्र स्थापना गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम प्रत्येक कार्यालय प्रमुख वा विभागीय प्रमुखले आफ्नो मातहतमा कार्यरत कर्मचारी मध्ये कुन कर्मचारीलाई के कस्तो तालिम आवश्यक पर्ने भन्ने विषयमा प्रत्येक आर्थिक वर्ष शुरु भएको एक महिनाभित्र तालिमको आवश्यकता पहिचान गर्नुको साथै त्यस्तो तालिम उपलब्ध गराउन आवश्यक पहल गर्नु पर्नेछ।

(४) तालिम तथा प्रशिक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६९. **<u>अध्ययन, तालिम वा अध्ययन भ्रमण</u>**: (१) प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले आफ्नो मातहतका कर्मचारीलाई अध्ययन, तालिम वा अध्ययन भ्रमणमा पठाउनको लागि प्रत्येक वर्ष सो सम्बन्धी विवरण तयार गरी प्रमुख निकायमा पठाउनु पर्नेछ।

**<u>स्पष्टीकरण:</u>** यस दफाको प्रयोजनको लागि,-

(क) **"तालिम"** भन्नाले अध्ययन बाहेक कुनै संस्थाद्वारा निश्चित पाठ्यक्रम अनुसार निश्चित अवधिमा सञ्चालन हुने सीप आर्जन गर्ने प्रशिक्षण कार्यक्रम सम्झनु पर्छ।

(ख) **"अध्ययन"** भन्नाले सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा स्नातक, स्नातकोत्तर, विद्यावारिधि वा कुनै शैक्षिक उपाधि हासिल गर्नको निमित्त गरिने अध्ययन सम्झनु पर्छ।

(ग) **"अध्ययन भ्रमण"** भन्नाले अध्ययन र तालीम बाहेक गोष्ठी, सेमिनार वा अवलोकन भ्रमण सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम विवरण प्राप्त भएपछि अध्ययन, तालिम वा अध्ययन भ्रमणको लागि विषयगत आधारमा सङ्ख्या किटान गरी त्यसको विवरण उपदफा (३) बमोजिमको समितिमा पेश गर्नु पर्नेछ।

(३) प्रदेश सरकारको जुनसुकै निकायमा प्राप्त भएका अध्ययन, तालिम वा अध्ययन भ्रमणको अवसर बाँडफाँट गर्न देहाय बमोजिमको समिति रहनेछ:-

(क) प्रमुख सचिव, प्रदेश सरकार - अध्यक्ष

(ख) सचिव, अर्थ मन्त्रालय - सदस्य

(ग) सचिव, शिक्षा विषय हेर्ने मन्त्रालय - सदस्य

(घ) सचिव, प्रमुख निकाय - सदस्य सचिव

(४) उपदफा (३) बमोजिमको समितिले मापदण्ड बनाई अध्ययन, तालिम, अध्ययन भ्रमण वा छात्रवृत्ति बाँडफाँट गर्नेछ।

(५) उपदफा (३) बमोजिमको समितिले विषयवस्तु, आवश्यकता र औचित्य हेरी उपदफा (४) बमोजिम वैदेशिक तालिम, अध्ययन, अध्ययन भ्रमण वा छात्रवृत्ति बाँडफाँट गर्दा सबै सेवा, समूह वा उपसमूहका निजामती कर्मचारी बीच समान र न्यायोचित तवरले बाँडफाँट गर्नु पर्नेछ।

(६) उपदफा (३) बमोजिमको समितिबाट स्वीकृत नगराई प्रदेश सरकारको जुनसुकै निकायमा प्राप्त भएका वैदेशिक अध्ययन, तालिम वा अध्ययन भ्रमणमा पठाउन पाइने छैन।

(७) निजी प्रयासमा बिदा स्वीकृत गराई अध्ययन गर्न जानको लागि अख्तियारवालाको पूर्व स्वीकृति लिनुपर्नेछ।

७०. **अध्ययन, तालिम वा अध्ययन भ्रमण पूरा गरेपछि सेवा गर्नुपर्ने अवधिः** (१) प्रदेश सरकारको मनोनयनमा तीन महिना भन्दा बढी अवधिको वैदेशिक तालिम, अध्ययन वा अध्ययन भ्रमणमा जाने निजामती कर्मचारीले अध्ययन, तालिम वा अध्ययन भ्रमण पूरा गरेपछि उक्त अवधिको न्यूनतम दोब्बर अवधिसम्म अनिवार्य रुपले सेवा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सेवा गर्नुपर्ने भौगोलिक क्षेत्र तोकिए बमोजिम हुनेछ।

७१. **<u>कबुलियत गर्नुपर्ने</u>**: (१) कुनै पनि निजामती कर्मचारीले सरकारी मनोनयनमा अध्ययन गर्न, तालिम लिन वा अध्ययन भ्रमणमा जानुअघि दफा ७० बमोजिम अनिवार्य रुपले सेवा गर्ने गरी तोकिए बमोजिम कबुलियत गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सरकारी मनोनयनमा गएका निजामती कर्मचारीले अध्ययन, तालिम वा अध्ययन भ्रमण पूरा गरेपछि सेवा गर्न नआएमा वा दफा ७० बमोजिम अनिवार्य रुपले गर्नु पर्ने सेवा अवधि पूरा नगरेमा त्यस्तो कर्मचारीबाट अध्ययन, तालिम वा अध्ययन भ्रमण अवधिभर निजले पाएको तलब भत्ता, छात्रवृत्ति रकम तथा कबुलियतमा उल्लेख भएका अन्य रकमहरु समेतको दोब्बर रकम असुल उपर गरिनेछ।

(३) अख्तियारवालाको पूर्व स्वीकृति लिई निजी प्रयासमा बेतलवी अध्ययन बिदामा जाने निजामती कर्मचारीले अध्ययन पूरा गरेपछि अध्ययन बिदा बराबरको अवधिसम्म अनिवार्य रुपमा सेवा गर्ने कबुलियत गर्नु पर्नेछ।

(४) यस ऐन बमोजिम वैदेशिक अध्ययन, तालिम वा अध्ययन भ्रमणमा जाने कर्मचारीले त्यस्तो कार्यक्रमको प्रत्येक वर्षको वार्षिक वा सेमेस्टरको नतिजा वा प्रगति विवरण त्यस्तो नतिजा प्रकाशन भएको तीस दिनभित्र पदाधिकार रहेको निकाय, प्रदेश किताबखाना र प्रमुख निकायमा पठाउनु पर्नेछ।

(५) उपदफा (१) र (३) बमोजिम वैदेशिक तालिम, अध्ययन वा अध्ययन भ्रमणमा गएका निजामती कर्मचारीले तालिम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेपछि कबुलियत बमोजिमको अनिवार्य सेवा अवधि पूरा नगरेमा त्यस्ता कर्मचारीको अध्ययन, तालिम वा अध्ययन भ्रमणको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन।

(६) उपदफा (२) बमोजिम रकम असूल उपर गर्दा सम्बन्धित कर्मचारीले पाउने रकमबाट असुल गर्नु पर्नेछ र त्यस्तो रकमबाट असुल गर्न नसकिएमा वा रकम अपुग भएमा सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अध्ययन, तालिम वा अध्ययन भ्रमणमा गएको कर्मचारीको अनिवार्य अवकाश भएको वा मृत्यु भएको कारणले दफा ७० बमोजिमको सेवा अवधि पूरा गर्न नसकेमा निज वा निजको परिवारबाट कुनै रकम असूल उपर गरिने छैन।

(८) अध्ययनमा गएका निजामती कर्मचारी अध्ययन पूरा गरेको मितिले तीस दिनभित्र सम्बन्धित कार्यालयमा हाजिर हुनुपर्नेछ।

## परिच्छेद-९

## आचरण

७२. **समय पालन र नियमितता**ः निजामती कर्मचारीले प्रदेश सरकारबाट तोकिएको समयमा नियमित रूपले कार्यालयमा उपस्थित रही तोकिएको कार्य गर्नु पर्नेछ र बिदाको स्वीकृति नलिई कार्यालय वा खटाइएको काम गर्ने स्थानमा अनुपस्थित हुनु हुँदैन।

७३. **अनुशासन र आदेशपालन**ः निजामती कर्मचारीले देहाय अनुसारको अनुशासन र आदेशपालन गर्नुपर्नेछः-

(क) अनुशासनमा रही आफ्नो कर्तव्य इमान्दारी र तत्परताको साथ पालना गर्नुपर्ने,

(ख) सरकारी काम सम्बन्धी कुरामा आफूभन्दा माथिको अधिकृतले दिएको आदेशलाई शीघ्रताका साथ पूरा गर्नुपर्ने,

(ग) आफूभन्दा माथिका सबै कर्मचारीप्रति उचित आदर देखाउनु पर्ने र आफू मातहतका कर्मचारी प्रति उचित व्यवहार गर्नुपर्ने,

(घ) उच्छृङ्खल र अराजक गतिविधि गर्न नहुने,

(ङ) विद्युतीय र सामाजिक सञ्जालमा सेवाको मूल्य, मान्यता, आचरण र सामाजिक मर्यादा विपरितका कार्य गर्न गराउन नहुने, र

(च) कार्यालयमा तोकिए बमोजिमको पोशाक लगाउनु पर्ने।

**७४. <u>राजनीतिक क्रियाकलापमा संलग्न हुन नहुने</u>:** (१) निजामती कर्मचारीले राजनीतिक दल वा सङ्गठनको सदस्यता लिन, राजनीतिक क्रियाकलापमा संलग्न हुन वा अन्य कुनै पनि राजनीतिक गतिविधिमा भाग लिनु हुँदैन।

(२) कुनै निजामती कर्मचारीले आफ्नो सेवा सम्बन्धी कुरामा स्वार्थ पूरा गर्ने मनसायले अन्य कर्मचारीमाथि कुनै राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्नु हुँदैन र कर्मचारीले नियुक्ति लिँदा कुनै पनि राजनितिक दलको सदस्य नरहेको स्वघोषणा गर्नु पर्नेछ।

**७५. <u>सरकारको आलोचना गर्न नहुने</u>:** (१) कुनै पनि सरकारको नीतिको विपरीत हुने वा संघ, प्रदेश र स्थानीय सरकार र जनताको पारस्परिक सम्बन्ध वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल पर्न

सक्ने गरी कुनै निजामती कर्मचारीले आफ्नो वास्तविक वा काल्पनिक नामबाट कुनै लेख प्रकाशित गर्न, प्रेसलाई कुनै खबर दिन, रेडियो वा टेलिभिजन आदिद्वारा भाषण प्रसारित गर्न, कुनै सार्वजनिक भाषण दिन वा कुनै वक्तव्य प्रकाशित गर्न वा विद्युतीय माध्यम वा सामाजिक सञ्जालमा प्रतिक्रिया व्यक्त गर्न हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून र प्रदेश सरकारको नीतिको विपरीत नहुने गरी लेख, रचना प्रकाशन वा प्रसारण गर्न बाधा पर्ने छैन।

७६. <u>निर्वाचनमा भाग लिन नहुने</u>: निजामती कर्मचारीले कुनै पनि राजनीतिक पदको लागि हुने निर्वाचनमा भाग लिन, प्रचार प्रसार गर्न, जुलुस सभामा भाग लिन, चन्दा दिन, मतदान बहिष्कारलाई प्रेरित गर्न वा निर्वाचनमा कुनै प्रकारको प्रभाव पार्न हुँदैन।

तर प्रचलित कानून बमोजिम मताधिकारको प्रयोग गर्न बाधा पर्ने छैन।

७७. <u>सरकारी कामकाज सम्बन्धी समाचार प्रकाशन गर्न प्रतिबन्ध</u>: (१) कुनै निजामती कर्मचारीले प्रदेश सरकारद्वारा अख्तियारी नपाई आफूले सरकारी कर्तव्य पालन गर्दा जानकारीमा आएको कुनै गोप्य वा कानूनद्वारा निषेधित विषय आफूले लेखेको वा सङ्कलन गरेको कुनै कागजपत्र वा जानकारी प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनधिकृत कर्मचारी वा गैरसरकारी व्यक्ति वा प्रेसलाई दिनु वा बताउनु हुँदैन र यो प्रतिबन्ध जुनसुकै कारणबाट सरकारी सेवामा नरहेको व्यक्तिको हकमा समेत लागू रहनेछ।

(२) उपदफा (१) विपरित सरकारी सेवाबाट अवकाश पाएको व्यक्तिले सरकारी कामकाज सम्बन्धी समाचार प्रकाशन गरेमा निजले यो ऐन बमोजिम पाउने सेवा सुविधा तोकिए बमोजिम रोक्का गर्न सकिनेछ।

७८. <u>दान, उपहार, चन्दा आदि प्राप्त गर्न र सापटी लिनमा प्रतिबन्धः</u> (१) सरकारी काममा कुनै पनि प्रकारले असर पर्न सक्ने गरी कुनै पनि निजामती कर्मचारीले प्रदेश सरकारको पूर्व स्वीकृति बिना आफूले वा आफ्नो परिवारको कुनै सदस्यद्वारा कुनै व्यक्ति वा संस्थाबाट कुनै प्रकारको दान, दातव्य, कोसेली वा उपहार स्वीकार गर्न वा चन्दा माग्न वा सरकारी कामसँग सम्बन्धित व्यक्ति वा संस्थासँग सापटी लिनु हुँदैन।

(२) निजामती कर्मचारीले कुनै विदेशी सरकार वा विदेशी सरकारको कुनै प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा निजले आफ्नो कार्यालयलाई सो कुराको सूचना दिई निकासा भए बमोजिम गर्नु पर्छ।

७९. <u>कम्पनी वा वित्तिय संस्थाको स्थापना वा सञ्चालन गर्न वा व्यापार व्यवसाय गर्न नहुनेः</u> (१) निजामती कर्मचारीले प्रदेश सरकारको पूर्व स्वीकृति नलिई देहायको काम गर्नु हुँदैनः-

(क) कुनै बैंक, वित्तिय संस्था वा कम्पनीको स्थापना, रजिष्ट्रेशन वा सञ्चालनको काममा भाग लिन,

(ख) प्रचलित कानून बमोजिम दर्ता गराउनु पर्ने कुनै व्यापार वा व्यवसाय गर्न ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजामती कर्मचारीले प्रदेश सरकारको नीति विपरित नहुने गरी साहित्यिक, वैज्ञानिक वा कलात्मक कार्य गर्न सक्नेछ।

**८०. <u>अन्यत्र नोकरी वा सेवा गर्न नहुने:</u>** (१) निजामती कर्मचारीले कुनै प्रकारको नोकरी गर्न वा आर्थिक लाभ वा कुनै सुविधा प्राप्त गर्ने गरी परामर्शदाता, सल्लाहकार, विशेषज्ञ वा कुनै हैसियतले सेवा प्रदान गर्ने कार्य गर्नु हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजामती कर्मचारीले प्रदेश सरकारको नीति विपरित नहुने गरी साहित्यिक, वैज्ञानिक, कलात्मक, अनुसन्धानात्मक, सांस्कृतिक, मानव कल्याण, परोपकार वा खेलकुद सम्बन्धी कार्य गर्न सक्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निजामती कर्मचारीले देहायको कार्य गर्न बाधा पुगेको मानिने छैनः-

(क) प्रचलित कानून बमोजिम अध्ययन बिदा लिई स्वदेशी वा विदेशी शैक्षिक संस्थामा अध्ययन गर्दाको बखत सम्बन्धित शैक्षिक संस्थामा कुनै सेवा पुऱ्याउन वा त्यस्तो संस्थाले लगाएको कुनै कार्य गर्न,

(ख) अख्तियारवालाको स्वीकृति लिई प्रदेश सरकारको नीति विपरीत नहुने गरी स्वदेश वा विदेशस्थित कार्यक्रममा सहभागी हुन, प्रवचन दिन वा कार्यपत्र प्रस्तुत गर्न,

(ग) संघ, प्रदेश वा स्थानीय तहद्वारा सञ्चालित वा संघ, प्रदेश वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा

नियन्त्रणमा रहेको प्रशिक्षण संस्थामा कार्यालयको काममा बाधा नपर्ने गरी प्रशिक्षण सम्बन्धी कार्य गर्न,

(घ) नेपाल सदस्य राष्ट्र रहेको क्षेत्रीय वा अन्तर्राष्ट्रिय संघ संस्थाको सेवा सम्बन्धित सेवा, समूह, उपसमूहको लागि उपयोगी हुने देखि अख्तियारवालाले बिदा वा काज स्वीकृत गरेकोमा सम्बन्धित निकायमा सेवा गर्न,

(ङ) आर्थिक लाभ वा कुनै सुविधा नलिने, कार्यालयको काममा बाधा नपर्ने र प्रदेश सरकारको अहित नहुने गरी आफ्नो पेशागत सङ्गठनमा आबद्ध हुन ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश लोक सेवा आयोग वा सार्वजनिक निकायबाट पदपूर्तिका लागि लिइने प्रतियोगितात्मक परीक्षाको परीक्षा लिने प्रक्रियामा संलग्न हुने कुनै निजामती कर्मचारीले त्यस्तो प्रतियोगितात्मक परीक्षाको लागि सञ्चालन गरिएका तयारी कक्षा तथा प्रशिक्षण कार्यक्रममा प्रशिक्षण दिन पाउने छैन र त्यस्तो तयारी कक्षा तथा प्रशिक्षण कार्यक्रममा प्रशिक्षण दिएको निजामती कर्मचारीले त्यसपछि दुई वर्षसम्म सञ्चालन हुने प्रतियोगितात्मक परीक्षाको परीक्षा लिने प्रक्रियामा संलग्न हुन पाउने छैन।

(५) संवैधानिक नियुक्ति वा प्रदेश सरकारले गर्ने अन्य कुनै नियुक्ति बाहेक प्रदेश निजामती सेवाको एघारौं, बाह्रौं र तेह्रौं तहको पदबाट सेवानिवृत्त भएको व्यक्तिले प्रदेश सरकारको पूर्व स्वीकृति बिना सेवानिवृत्त भएको मितिले दुई वर्षसम्म देहायका काम गर्नु हुँदैनः-

(क) दातृ निकायबाट सञ्चालित आयोजनामा परामर्श दाताको रुपमा कार्य गर्न,

(ख) अध्यापन तथा प्रशिक्षण जस्ता स्वतन्त्र प्राज्ञिक काम बाहेक नेपाल स्थित कुटनीतिक नियोग, अन्तर्राष्ट्रिय गैर सरकारी संस्था वा दातृ निकायबाट सञ्चालित आयोजना वा निजी संघ संस्थामा कर्मचारी वा परामर्शदाताको हैसियतमा काम गर्न।

(६) उपदफा (५) विपरीतको काम गर्ने व्यक्तिले यस ऐन बमोजिमको सेवा सुविधा लिन पाउने छैन।

८१. **प्रदर्शन र हडताल गर्न नहुने**ः (१) निजामती कर्मचारीले सेवाग्राहीलाई सेवा लिने क्रममा बाधा पुऱ्याउन, प्रदर्शन गर्न, बन्द हडतालमा भाग लिन, थुनछेक गर्न, बाधा अवरोध गर्न, घेराउ गर्न, जुलुसमा भागलिन वा अन्य कुनै तरिकाबाट सरकारी काममा बाधा पुऱ्याउन वा सो कार्य गर्ने उद्देश्यले अरुलाई उक्साउन समेत हुँदैन।

(२) यस दफा विपरित कार्य गरी कुनै सार्वजनिक, सरकारी वा निजी सम्पत्तिमा क्षति पुऱ्याएमा वा कुनै पदाधिकारीलाई शारीरिक वा मानसिक क्षति पुऱ्याएमा त्यस्तो निजामती कर्मचारीलाई तत्काल विभागीय कारबाही गरी क्षतिपूर्ति समेत भराइनेछ।

८२. **प्रतिनिधित्व गर्न नहुनेः** निजामती कर्मचारीले आफूलाई मर्का परेको विषयमा आफैले वा वारेसद्वारा सम्बन्धित निकाय वा अधिकारी समक्ष निवेदन दिन बाहेक अरू व्यक्ति वा समूहको तर्फबाट प्रतिनिधित्व गर्न हुँदैन।

८३. **स्थायी आवासीय अनुमति लिन नहुने**ः (१) कुनै निजामती कर्मचारीले अन्य मुलुकको स्थायी आवासीय अनुमति लिन वा सोको लागि आवेदन दिन हुँदैन।

(२) कुनै निजामती कर्मचारीको सगोलको पति वा पत्नीले स्थायी आवासीय अनुमति प्राप्त गरेमा सो प्राप्त भएको मितिले साठी दिनभित्र सम्बन्धित कर्मचारीले आफू कार्यरत कार्यालयमा सोको विवरण पेश गर्नु पर्नेछ।

८४. **यौनजन्य दुर्व्यवहार गर्न नहुने**ः कुनै कर्मचारीले कुनै कर्मचारी वा सेवाग्राही कसैलाई लिखित, मौखिक, ईशारा गरी वा कुनै श्रव्य वा दृष्य वा श्रव्य दृष्य दुवै वा सामाजिक सञ्जालको प्रयोग गरी यौनजन्य दुर्व्यवहार गर्न गराउन हुँदैन।

८५. **बालविवाह, बहुविवाह र अनमेल विवाह गर्न गराउन नहुने**ः प्रचलित कानूनको विपरित हुने गरी निजामती कर्मचारीले बालविवाह, बहुविवाह वा अनमेल विवाह गर्न, गराउन हुँदैन।

८६. **सेवाग्राहीप्रतिको व्यवहारः** (१) निजामती कर्मचारीले आफ्नो कामसँग सम्बन्धित सेवाग्राहीप्रति मर्यादित व्यवहार गर्नु पर्नेछ।

(२) सेवाग्राहीको कामसँग सम्बन्धित विषय, प्रक्रिया र कार्य सम्पादन गर्न लाग्ने समय समेतको स्पष्ट जानकारी सेवाग्राहीलाई यथासमयमा गराउनु पर्नेछ।

८७. **सम्पत्ति विवरण पेश गर्नुपर्ने**ः निजामती कर्मचारीले तोकिएको अवधिभित्र तोकिएको ढाँचामा सम्पत्ति विवरण प्रदेश किताबखाना समक्ष पेश गर्नु पर्नेछ।

८८. **<u>सामाजिक जवाफदेहिता वहन गर्नुपर्ने</u>ः** (१) नेपालको संविधान र प्रचलित कानूनको पालना गरी सामाजिक जवाफदेहिता वहन गर्नु निजामती कर्मचारीको कर्तव्य हुनेछ।

(२) प्रचलित कानून प्रतिकूल कार्य भएको देखिएमा, सुनेमा वा जानकारी पाएमा सम्बन्धित अधिकारी वा नजिकको प्रहरी कार्यालयलाई सो कुराको जानकारी गराउनु निजामती कर्मचारीको कर्तव्य हुनेछ।

८९. **<u>आचरण पालना गराउने</u>ः** (१) प्रदेश सरकारका मन्त्रालय, आयोग, सचिवालय, बोर्ड, समिति वा अन्तर्गत निकायका कार्यालय प्रमुखले आफू र आफ्ना मातहतका कर्मचारीलाई यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम तोकिएको आचरणको पालना गर्नु गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आचरण पालना गर्नुपर्ने कर्मचारीले त्यस्तो आचरण उल्लङ्घन गरेमा अख्तियारवालाले समयमै विभागीय कारबाही गर्नु पर्नेछ।

(३) प्रदेश सरकारका मन्त्रालय, आयोग, सचिवालय, बोर्ड, प्राधिकरण, समिति वा अन्तर्गत निकायका कार्यालय प्रमुखले उपदफा (१) र (२) बमोजिम कार्य गरे वा नगरेको भन्ने विषयलाई समेत निजको कार्य सम्पादन मूल्याङ्कनको आधार बनाइनेछ।

९०. **<u>विपद तथा महामारी</u>ः** निजामति कर्मचारीले विपद तथा महामारीको समयमा नियमित तथा विशेष कार्यसम्पादनबाट पन्छिन र सुरक्षा तथा स्वास्थ्य सम्बन्धी मापदण्ड पालनामा हेलचेक्याइँ गर्न हुँदैन।

## परिच्छेद-१०

## सेवाको सुरक्षा

९१. **निजामती कर्मचारीको सेवाको सुरक्षा**ः देहायको अवस्थामा बाहेक कुनै पनि निजामती कर्मचारीलाई सफाइको मनासिब मौका नदिई प्रदेश निजामती सेवाबाट हटाइने वा बर्खास्त गरिने छैनः-

(क) भ्रष्टाचार, किर्ते, राष्ट्र विरुद्धको अपराध, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, पूरातात्विक वस्तु बेचबिखन, मानव बेचबिखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी वा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा,

(ख) भागी, हराई वा बेपत्ता भई पत्ता नलागेको वा सम्पर्क स्थापित गर्न सम्भव नभएको पर्याप्त आधार भएमा, वा

(ग) सरकारवादी हुने फौजदारी कसूरमा एक वर्ष वा सो भन्दा बढी अवधि कैदमा नै बस्नु पर्ने अदालतबाट ठहरी त्यस्तो फैसला अन्तिम भएकोमा।

९२. **निजामती कर्मचारीको बचाउः** (१) निजामती कर्मचारीले आफ्नो ओहदाको कर्तव्य पालना गर्ने क्रममा गरेको कामको सम्बन्धमा अख्तियारवालाको स्वीकृति नलिई निज उपर मुद्दा चलाउन सकिने छैन।

(२) कुनै निजामती कर्मचारी बहाल हुँदाका बखत आफ्नो ओहोदाको कर्तव्य पालनाको सिलसिलामा गरेको कामको सम्बन्धमा बहाल टुटिसकेपछि पनि प्रदेश सरकारको स्वीकृति नभई निज उपर मुद्दा चल्न सक्ने छैन।

(३) उपदफा (२) बमोजिम मुद्दा चलाउन प्रदेश सरकारले स्वीकृति दिएमा निजको प्रतिरक्षा प्रदेश सरकारले गर्नेछ।

९३. **निजामती कर्मचारीको सेवा शर्तको सुरक्षा**ः कुनै पनि निजामती कर्मचारी नियुक्ति हुँदा तत्काल लागू रहेको तलब, उपदान, निवृत्तिभरण र अन्य सुविधा सम्बन्धी सेवाका शर्तमा निजको स्वीकृति बेगर निजलाई प्रतिकूल असर पर्ने गरी परिवर्तन गरिने छैन। पछि हुने संशोधनले त्यस्तो संशोधन हुनु अगावै बहाल रहेको कुनै निजामती कर्मचारीको उपर्युक्त सेवाका शर्तहरुमा कुनै प्रकारले प्रतिकूल असर पर्ने भएमा त्यस्तो संशोधित व्यवस्था बमोजिम गर्न मञ्जुर गरेको लिखित स्वीकृति नभई त्यस्तो व्यवस्था निजको हकमा लागू हुने छैन ।

## परिच्छेद-११

## विभागीय सजाय र पुनरावेदन

९४. **विभागीय सजायः** उचित र पर्याप्त कारण भएमा निजामती कर्मचारीलाई देहाय बमोजिमको विभागीय सजाय गर्न सकिनेछः-

**(क) सामान्य सजायः-**

(१) नसिहत दिने,

(२) बढीमा पाँच तलब वृद्धि रोक्का गर्ने वा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने।

**(ख) विशेष सजायः-**

(१) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने,

(२) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने।

**९५. नसिहत दिनेः** देहायको कुनै अवस्थामा निजामती कर्मचारीलाई नसिहत दिने सजाय गर्न सकिनेछः-

(क) निजले सम्पादन गरेको काम सन्तोषजनक नभएमा,

(ख) पूर्व स्वीकृति नलिई एक महिनामा दुई पटक भन्दा बढी कार्यालयमा अनुपस्थित रहेमा,

(ग) प्रचलित कानून बमोजिम बरबुझारथ नगरेमा,

(घ) प्रचलित कानून बमोजिम पेश्की फछ्र्यौट नगरेमा,

(ङ) मादक पदार्थ सेवन गरी कार्यालयमा उपस्थित भएमा,

(च) व्यवस्थापन परीक्षण गर्दा प्रशासनिक अनियमितता गरेको देखिएमा,

(छ) कुनै सार्वजनिक पदाधिकारी, सरकारी कर्मचारी वा सेवाग्राही माथि गाली गलौज वा दुर्व्यवहार गरेमा,

(ज) दफा १०९ बमोजिम चेतावनी पाएको कर्मचारीले सोही पदमा रहँदा पुनः सोही दफा बमोजिमको कुनै काम गरेमा,

(झ) दफा ९१ को खण्ड (क) मा उल्लिखित कसूर सम्बन्धी अभियोग बाहेक अन्य कुनै फौजदारी अभियोगमा जरिवानाको सजाय भई त्यस्तो फैसला अन्तिम भएमा, वा

(ञ) अख्तियार प्राप्त अधिकारीको स्वीकृति बिना अध्ययन वा तालिमको लागि वैदेशिक भ्रमण गरेमा।

९६. **<u>बढीमा पाँच तलब वृद्धि रोक्का गर्ने वा बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने</u>**: (१) देहायको कुनै अवस्थामा निजामती कर्मचारीलाई बढीमा पाँच तलब वृद्धि रोक्का गर्ने वा बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने सजाय गर्न सकिनेछः-

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारी पूर्वक पूरा नगरेमा,

(ख) अनुशासनहीन काम गरेमा,

(ग) सेवाग्राहीको पिरमर्का र उजुरी पटक पटक बेवास्ता गरेको सम्बन्धमा आफूभन्दा माथिल्लो अधिकारीले दिएको निर्देशन पालना नगरेमा,

(घ) यो ऐन र यस ऐन अन्तर्गत बनेका नियममा उल्लिखित आचरण सम्बन्धी कुरा पालना नगरेमा वा उल्लङ्घन गरेमा,

(ङ) व्यवस्थापन परीक्षणबाट देखिएका अनियमितता सम्बन्धमा दिएको निर्देशन पालना नगरेमा,

(च) सेवाग्राहीको पिरमर्का वा उजुरी पटक पटक बेवास्ता गरेमा,

(छ) आफूभन्दा माथिल्लो अधिकारीले कानून बमोजिम दिएको निर्देशन पालना नगरेमा,

(ज) कुनै सार्वजनिक पदाधिकारी, सरकारी कर्मचारी वा सेवाग्राही माथि हातपात गरेमा,

(झ) बढुवाको दरखास्त फाराम भर्दा बढुवामा तात्विक असर पर्ने गरी झुट्टा विवरण पेश गरेको प्रमाणित भएमा,

(ञ) बहाल रहेको पदमा दफा ९५ बमोजिम तीन पटक नसिहत पाएकोमा पुनः सोही दफा बमोजिम सजाय हुने काम गरेमा, वा

(ट) दफा ९७ को उपदफा (२) को खण्ड (क) मा उल्लिखित कसूर सम्बन्धी अभियोग बाहेक अन्य कुनै फौजदारी अभियोगमा एक वर्षसम्म कैदको सजाय भई त्यस्तो फैसला अन्तिम भएमा।

(२) निजामती कर्मचारीले उपदफा (१) को खण्ड (ट) बमोजिम कैद सजाय पाएको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन।

९७. **<u>सेवाबाट हटाउने वा बर्खास्त गर्ने</u>:** (१) देहायको कसुर प्रमाणित भएमा निजामती कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछः-

(क) आफ्नो पदको काम वा जिम्मेवारी पूरा गर्न नसकेमा वा त्यस्तो काम वा जिम्मेवारी पटक पटक बेवास्ता गरेमा,

(ख) राजनीतिक दल वा सङ्गठनको सदस्यता लिएमा, राजनीतिक क्रियाकलापमा संलग्न भएमा वा अन्य कुनै पनि राजनीतिक गतिविधिमा भाग लिएमा वा राजनीतिक पदको लागि हुने निर्वाचनमा उम्मेदवार बनेमा,

(ग) कार्यालयको समयमा पटक पटक मादक पदार्थको सेवन गरेमा,

(घ) अनुशासन र कानून बमोजिम दिएको निर्देशनको पटक-पटक पालना नगरेमा,

(ङ) बिदा स्वीकृत नगराई लगातार नब्बे दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा,

(च) बिदा स्वीकृत गराएकोमा बाहेक वैदेशिक अध्ययन, तालिम वा अध्ययन भ्रमणमा गएको निजामती कर्मचारी त्यस्तो अध्ययन, तालिम वा अध्ययन भ्रमण पूरा गरेको मितिले तीस दिनभित्र सम्बन्धित कार्यालयमा हाजिर नभएमा,

(छ) उपदफा (२) को खण्ड (क) मा उल्लिखित कसूर सम्बन्धी अभियोग बाहेक अन्य कुनै फौजदारी अभियोगमा अदालतबाट एक वर्ष भन्दा बढी कैद सजायको फैसला भई त्यस्तो फैसला अन्तिम भएमा, वा

(ज) बहाल रहेको पदमा दफा ९६ बमोजिम दुई पटक सजाय पाएकोमा पुनः सोही दफा बमोजिम सजाय हुने काम गरेमा,

(२) देहायको कुनै अवस्थामा निजामती कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछः-

(क) भ्रष्टाचार, किर्ते, राष्ट्र विरुद्धको अपराध, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, पूरातात्विक वस्तु बेचबिखन, मानव बेचबिखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी वा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा,

(ख) सरकारी सेवामा नियुक्ति हुने वा बहाल रहने उद्देश्यले नागरिकता, उमेर वा योग्यता ढाँटेको प्रमाणित भएमा, वा

(ग) अन्य मुलुकको स्थायी आवासीय अनुमति लिएको वा सोको लागि आवेदन दिएमा।

९८. **<u>हाजिरी वा गयल कट्टी सम्बन्धी व्यवस्थाः</u>** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बिदा स्वीकृत नगराई आफ्नो कार्यालयमा अनुपस्थित हुने निजामती कर्मचारीलाई सम्बन्धित कार्यालय प्रमुखले गयल र तलबकट्टी गर्न सक्नेछ। यसरी गयल भएको अवधि सेवा अवधिमा गणना गरिने छैन।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ९७ को उपदफा (१) को खण्ड (ङ) वा (च) विपरित बिदा स्वीकृत नगराई अनुपस्थित हुने वा हाजिर नहुने निजामती कर्मचारीलाई कुनै पनि कार्यालयमा हाजिर गराइने छैन र सो अवधि व्यतित भइसकेपछि प्राप्त निवेदनका आधारमा कुनै पनि प्रकारको बिदा समेत स्वीकृत गरिने छैन।

(३) कसैले उपदफा (२) विपरीत कुनै निजामती कर्मचारीलाई हाजिर गराएमा वा दफा ९७ को उपदफा (१) को खण्ड (ङ) वा (च) बमोजिमको अवधि समाप्त भएपछि प्राप्त निवेदन बमोजिम बिदा स्वीकृत गरेमा त्यस्तो हाजिरी वा बिदालाई मान्यता दिइने छैन र त्यसरी हाजिर गराउने वा बिदा स्वीकृत गर्ने पदाधिकारीलाई विभागीय कारबाही गरिनेछ।

(४) दफा ९७ को उपदफा (१) को खण्ड (ङ) वा (च) बमोजिम सजायको निर्णय गर्दा सो बमोजिमको अवधि पूरा भएको भोलिपल्ट देखि लागू हुने गरी निर्णय गर्नु पर्नेछ र यसरी अनुपस्थित रहेको अवधि गयलकट्टी गरिनेछ।

(५) उपदफा (१) बमोजिमको गयल र तलबकट्टीको विवरण सेवा सञ्चालन गर्ने मन्त्रालय वा निकाय र प्रदेश किताबखानामा पठाउनु पर्नेछ।

(६) यस दफा बमोजिमको कारबाही त्यस्तो जानकारी पाएको पन्ध्र दिनभित्र शुरु गरी बढीमा छ महिनाभित्र टुङ्ग्याई सक्नु पर्नेछ।

९९. <u>**विभागीय सजाय दिने अधिकारीः**</u> (१) निजामती कर्मचारीलाई दफा ९४ को खण्ड (ख) बमोजिमको सजायको आदेश दिने अधिकार देहायको अधिकारीलाई हुनेछः-

(क) अधिकृत एघारौं तह वा सोभन्दा माथिको पदमा कार्यरत निजामती कर्मचारीलाई प्रदेश सरकार,

(ख) अधिकृत नवौं र अधिकृत दशौं तह वा सो सरहको पदमा कार्यरत निजामती कर्मचारीलाई प्रमुख सचिव,

(ग) अधिकृत छैठौंदेखि अधिकृत आठौं तह वा सो सरहको पदमा कार्यरत निजामती कर्मचारीलाई सेवा सञ्चालन गर्ने मन्त्रालयको सचिव,

(घ) सहायक तह वा सो सरहको पदमा र तहबिहीन पदमा कार्यरत निजामती कर्मचारीलाई कार्यरत कार्यालयको अधिकृत स्तरको कार्यालय प्रमुख।

(२) दफा ९४ को खण्ड (क) बमोजिमको सजायको आदेश दिने अधिकारी तोकिए बमोजिम हुनेछ।

१००. <u>**निलम्बन गर्नेः**</u> (१) कुनै निजामती कर्मचारीको सम्बन्धमा दफा ९७ मा लेखिएको कुनै अभियोगको जाँचबुझ गर्नु परेमा जाँचबुझ

समाप्त नहुन्जेलसम्म उक्त कर्मचारीलाई सजायको आदेश दिन पाउने अधिकारीले निलम्बन गर्न सक्नेछ।

तर देहायको अवस्था नभई साधारणतया निलम्बन गरिने छैनः-

(क) निलम्बन नगरी ओहदाको काम गर्न दिंदा झुठ्टा प्रमाण सङ्कलन गर्न सक्ने वा आफ्नो विरुद्धको प्रमाण गायब गर्न सक्ने सम्भावना देखिएमा,

(ख) निलम्बन नगरी ओहदाको काम गर्न दिंदा सरकारी हानि नोक्सानी हुने सम्भावना देखिएमा, वा

(ग) सरकारी कामको सिलसिलामा गरेको कामको सम्बन्धमा अदालतमा नेपाल सरकार वा प्रदेश सरकार वादी भई मुद्दा दायर भएमा।

(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम कुनै निजामती कर्मचारीलाई निलम्बन गर्दा साधारणतया साठी दिनभन्दा बढी गरिने छैन र सो अवधिभित्रै त्यस्तो कर्मचारी उपरको कारबाही किनारा लगाउनु पर्नेछ। कुनै असाधारण अवस्था परी उक्त अवधिभित्र कारबाही किनारा लगाउन नसकिने भई निलम्बनको अवधि बढाउनु परेमा तीस दिनसम्म निलम्बनको अवधि बढाउन सकिनेछ।

(३) कुनै फौजदारी अभियोगमा न्यायिक हिरासतमा रहेका निजामती कर्मचारी त्यसरी हिरासतमा रहेको अवधिभर स्वतः निलम्बन भएको मानिनेछ।

(४) कुनै निजामती कर्मचारी विरुद्ध भ्रष्टाचार, किर्ते, राष्ट्र विरुद्धको अपराध, लागू औषध कारोबार, मानव बेचविखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी वा नैतिक पतन देखिने

अन्य फौजदारी अभियोगमा मुद्दा दायर भएमा त्यस्तो कर्मचारी स्वतः निलम्बन भएको मानिनेछ।

१०१. **नकारात्मक सूचीमा राखिने**: (१) देहायका निजामती कर्मचारीलाई देहाय बमोजिमको अवधिका लागि नकारात्मक सूचीमा राखिनेछ:

(क) नसिहत पाएको भए एक वर्ष,

(ख) बढुवा वा तलब वृद्धि रोक्का भएको भए उक्त रोक्का भएको अवधिभर,

(ग) कुनै कर्मचारीको नाममा लेखापरीक्षणबाट व्यक्तिगत पेश्की वा असुल उपर गर्नुपर्ने बेरुजु रहेको पाईएमा सो को फरफारक नगरेसम्म।

(२) उपदफा (१) बमोजिमको सूचीमा रहेका निजामती कर्मचारीलाई उक्त अवधिभर बढुवा, अध्ययन र सेवाकालीन तथा वैदेशिक तालिममा सहभागि गराईने छैन।

(३) यस ऐनको प्रयोजनको लागि नकारात्मक सूचीमा नपरेको व्यहोरा निजामती कर्मचारीले आवश्यकतानुसार स्वघोषणा गर्नुपर्नेछ।

१०२. **निलम्बनको समाप्तिः** कुनै निजामती कर्मचारी आफ्नो पदमा पुनः स्थापित भएमा, दफा १०० को उपदफा (२) बमोजिमको अवधि पूरा भएमा, निलम्बन फुकुवा भएमा, सेवाबाट हटाइएमा वा बरखास्त गरिएमा वा निजलाई लागेको अभियोगबाट सफाइ पाएमा निजको निलम्बन समाप्त हुनेछ।

१०३. **सफाइ पेश गर्ने मौका दिनुपर्ने**: (१) विभागीय सजाय दिन पाउने अधिकारीले कुनै निजामती कर्मचारीलाई सजाय दिने आदेश दिनुभन्दा अघि कारबाही गर्न लागिएको कारण उल्लेख गरी कम्तीमा सात दिनको म्याद दिई आफ्नो सफाइ पेश गर्ने मौका दिनु पर्नेछ।

तर प्रदेश सरकारले सजायको आदेश दिनु पर्नेमा त्यसरी सफाइको मौका दिने प्रयोजनको लागि कुनै अधिकारीलाई अधिकार प्रत्यायोजन गरेको अवस्थामा त्यस्तो अधिकारीले सम्बन्धित कर्मचारीलाई सफाइको मौका दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम मौका दिंदा निजमाथि लगाइएको आरोप स्पष्ट रूपले किटिएको र के कुन कारणमा आधारित छ सो समेत खुलाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सफाइको मौका दिइएकोमा सम्बन्धित निजामती कर्मचारीले म्यादभित्र आफ्नो सफाइ पेश गर्नु पर्नेछ र त्यसरी पेश हुन आएको सफाइलाई सम्बन्धित अधिकारीले गम्भिरतापूर्वक लिनु पर्नेछ।

(४) विभागीय सजायको आदेश दिने अधिकारीले आवश्यक ठानेमा स्वयं वा अन्य कुनै अधिकृतद्धारा जाँचबुझ गराउन सक्नेछ।

(५) उपदफा (४) बमोजिम जाचबुझ गर्ने अधिकृतले तोकिएको कार्यविधिको पालना गर्नु पर्नेछ।

१०४. **विशेष सजायको आदेश दिनु भन्दा पहिले सजाय प्रस्ताव गर्नुपर्ने**: विशेष सजायको आदेश दिनुभन्दा पहिले दफा १०३ बमोजिम सफाइ पेश गर्न दिइएको म्यादभित्र सफाइ पेश नगरेमा वा पेश

हुन आएको सफाइ सन्तोषजनक नभएमा विभागीय सजायको आदेश दिने अधिकारीले त्यस्तो निजामती कर्मचारीलाई दिन लागिएको प्रस्तावित सजाय किन नदिने भनी त्यस सम्बन्धमा कम्तीमा पन्ध्र दिनको म्याद दिई स्पष्टीकरण माग्नु पर्नेछ।

**१०५. प्रदेश लोक सेवा आयोगको परामर्श लिनुपर्ने**: (१) विभागीय सजाय गर्ने सन्दर्भमा सम्बन्धित निजामती कर्मचारीले दफा १०३ बमोजिम दिएको सफाइ वा दफा १०४ बमोजिम दिएको स्पष्टीकरण सन्तोषजनक नभएमा वा म्यादभित्र सफाइ वा स्पष्टीकरण प्राप्त नभई त्यस्तो कर्मचारीलाई सजाय गर्नुपर्ने देखिएमा विभागीय सजायको आदेश दिने अधिकारीले त्यस्तो कर्मचारीलाई दिन लागिएको सजाय प्रस्ताव गरी प्रदेश लोकसेवा आयोगको परामर्श लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परामर्श माग गरेकोमा प्रदेश लोकसेवा आयोगले एक महिनाभित्र आवश्यक परामर्श उपलब्ध गराउनु पर्नेछ।

**१०६. सजाय सम्बन्धी निर्णय गर्ने**: (१) दफा १०५ बमोजिम प्रदेश लोक सेवा आयोगको परामर्श प्राप्त भएपछि विभागीय सजायको आदेश दिने अधिकारीले उपलब्ध सबुद प्रमाणको मूल्याङ्कन गरी पन्ध्र दिन भित्र विभागीय सजायको सम्बन्धमा निर्णय गर्नु पर्नेछ।

तर विभागीय सजाय दिने अधिकारी कार्यालयमा नभएको अवस्थामा हाजिर भएको मितिले पन्ध्र दिनमा निर्णय गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्णय सम्बन्धी जानकारी यथाशीघ्र सम्बन्धित कर्मचारी र तोकिएको निकायलाई दिनु पर्नेछ।

**१०७. <u>पुनरावेदन</u>**ः (१) यस ऐन बमोजिम दिइएको विभागीय सजायको आदेश उपर प्रचलित संघीय कानून बमोजिम गठन भएको प्रशासकीय अदालतमा पुनरावेदन लाग्नेछ।

(२) प्रशासकीय अदालतमा पुनरावेदन गर्ने पुनरावेदकले चाहेमा आफै वा वारिस मार्फत तारिखमा बस्न र कानून व्यवसायीद्धारा बहस पैरवी गराउन सक्नेछ।

(३) यस ऐन बमोजिम विभागीय सजाय पाउने निजामती कर्मचारीले विभागीय सजायको सूचना पाएको मितिले पैतीस दिनभित्र प्रशासकीय अदालतमा पुनरावेदन गर्न सक्नेछ।

तर काबू बाहिरको परिस्थितिले गर्दा म्याद गुज्रिएकोमा बढीमा तीस दिनसम्मको म्याद थामिन सक्नेछ।

**१०८. <u>जानकारी दिन सकिने</u>**ः (१) दफा ८३ विपरित कुनै निजामती कर्मचारीले अन्य मुलुकको स्थायी आवासीय अनुमति लिएको वा सोको आवेदन दिएको जानकारी कसैलाई प्राप्त भएमा त्यस्तो व्यक्तिले सो जानकारी सम्बन्धित कर्मचारी कार्यरत रहेको कार्यालय वा मन्त्रालयमा दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको जानकारी कुनै कार्यालयमा प्राप्त हुन आएमा सम्बन्धित कार्यालयले त्यस्तो जानकारी प्राप्त भएको मितिले सात दिनभित्र सेवा सञ्चालन गर्ने मन्त्रालयमा पठाउनु पर्नेछ र त्यसरी प्राप्त भएको जानकारी आवश्यक कारबाहीका लागि प्रमुख निकायमा पठाउनु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम वा अन्य कुनै स्रोतबाट कुनै निजामती कर्मचारीले अन्य मुलुकको स्थायी आवासीय अनुमति लिएको वा सोको लागि आवेदन दिएको जानकारी प्राप्त हुन आएमा प्रमुख निकायले त्यस्तो कर्मचारीको सम्बन्धमा छानबिन गर्न विभागीय सजायको आदेश दिने अधिकारीलाई लेखी पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम लेखी आएमा विभागीय सजायको आदेश दिने अधिकारीले त्यस्तो कर्मचारीको सम्बन्धमा तीन दिनभित्र छानबिन प्रारम्भ गरी सोको जानकारी प्रमुख निकायलाई दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम छानबिन गर्दा विभागीय सजायको आदेश दिने अधिकारीले सेवा सञ्चालन गर्ने मन्त्रालय वा अन्य कुनै सरकारी निकायसँग कुनै कुराको जानकारी वा सहयोग माग गर्न सक्नेछ र त्यस्तो जानकारी वा सहयोग उपलब्ध गराउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ।

**१०९. <u>चेतावनी दिन सकिने</u>**: निजामती कर्मचारीले देहायको कुनै काम गरेमा सुपरीवेक्षकले कारण खोली चेतावनी दिन सक्नेछ र सोको अभिलेख सम्बन्धित कर्मचारीको व्यक्तिगत विवरण फाइलमा राखिनेछः-

(क) समय पालन नगरेमा,

(ख) सरकारी काम सम्बन्धी कुरामा आफूभन्दा माथिको कर्मचारीले दिएको आदेश पालन नगरेमा,

(ग) पदीय मर्यादा अनुकूल कार्य नगरेमा,

(घ) कार्यालय सम्बन्धी काममा लापरबाही वा ढिलासुस्ती गरेमा, वा

(ङ) सेवाग्राहीलाई शिष्ट, मर्यादित र सहयोगी व्यवहार नगरेमा वा अनावश्यक हैरानी दिएमा।

**११०. <u>निर्णयमा असर नपर्ने</u>:** कुनै निजामती कर्मचारीको सम्बन्धमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कर्मचारीले गरेको काम कारबाहीमा तात्विक असर नपर्ने सानोतिनो त्रुटिबाट निर्णयमा असर पर्ने छैन।

**१११. <u>सजायको अभिलेख</u>**: (१) कुनै निजामती कर्मचारी उपर विभागीय सजाय गरिएमा सम्बन्धित कार्यालयले सोको अभिलेख राखी आफ्नो तालुक मन्त्रालय र प्रदेश किताब खानामा पठाउनु पर्नेछ।

(२) सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालय वा निकायले आफूले सेवा सञ्चालन गर्ने सेवा, समूह, उपसमूहका प्रत्येक निजामती कर्मचारीको विभागीय सजायको अभिलेख राख्नु पर्नेछ।

## परिच्छेद-१२

## <u>प्रमुख सचिव, प्रदेश सचिव तथा प्रमुख प्रशासकीय अधिकृत सम्बन्धी व्यवस्था</u>

**११२. <u>प्रमुख सचिव सम्बन्धी व्यवस्था</u>:** (१) प्रदेश सरकारको प्रमुख सचिवको पद संघीय निजामती सेवाको राजपत्रांकित विशिष्ट श्रेणीको निजामती कर्मचारी वा प्रदेश निजामती सेवाको तेह्रौं तह वा सो सरहको पद हुनेछ।

(२) उपदफा (१) बमोजिमको प्रदेश सरकारको प्रमुख सचिवको रुपमा नेपाल सरकारबाट खटाइएको कर्मचारी प्रदेश सरकारप्रति उत्तरदायी हुनेछ ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम प्रमुख सचिव उपलब्ध नभएमा प्रदेशका सचिवहरु मध्येबाट दफा ३० को उपदफा (१) को खण्ड (क) बमोजिमको समितिले जेष्ठता तथा कार्यसम्पादन मुल्याङ्कनको आधारमा सिफारिस गरे बमोजिम प्रदेश सरकारले प्रमुख सचिव नियुक्ति गर्नेछ ।

**११३. <u>प्रदेश सचिव सम्बन्धी व्यवस्थाः</u>** (१) प्रदेश सरकारको सचिवको पद प्रदेश निजामती सेवाको बाह्रौं तह वा सो सरहको पद हुनेछ।

(२) उपदफा (१) बमोजिमको प्रदेश निजामती सेवाको कर्मचारी उपलब्ध नभएमा सम्बन्धित सेवा, समूह, उपसमूहको संघीय निजामती सेवाको राजपत्राङ्कित प्रथम श्रेणी वा बाह्रौं तह वा सो सरहको कर्मचारीलाई सचिवको रुपमा कामकाज गर्न प्रदेश सरकारको अनुरोधमा नेपाल सरकारले खटाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम प्रदेश सचिवको रुपमा नेपाल सरकारबाट खटाइएको कर्मचारी प्रदेश सरकारप्रति उत्तरदायी हुनेछ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) वा (२) बमोजिम प्रदेश सचिवको पदपूर्ति नभएमा प्रदेश सरकारले तोकिए बमोजिमको सेवा अवधि र तोकिए बमोजिमको तालिम लिएका एघारौं तहका कर्मचारीलाई प्रदेश सचिवमा नियुक्ति गर्नेछ ।

**११४. <u>प्रमुख प्रशासकीय अधिकृत सम्बन्धी व्यवस्थाः</u>** (१) स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको पद प्रदेश निजामती सेवाको पद हुनेछ।

(२) उपदफा (१) बमोजिमको पदमा स्वीकृत दरबन्दीका आधारमा प्रमुख निकायले प्रचलित प्रदेश कानून बमोजिम सम्बन्धित सेवाका कर्मचारीलाई खटाउनेछ।

**११५. <u>संघीय निजामती कर्मचारी खटाउनेः</u>** (१) प्रदेश सरकारको स्वीकृत दरबन्दीमा रहेको पदमा कर्मचारी पदपूर्ति नभएसम्म प्रदेश सरकारले नेपाल सरकारसँग संघीय निजामती सेवाका विभिन्न सेवा, समूह, उपसमूहका कर्मचारी माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकारबाट उपलब्ध गराइएका कर्मचारीलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेशका मन्त्रालय वा अन्तर्गतका निकायमा खटाउनेछ ।

## परिच्छेद-१३

## <u>विविध</u>

**११६. <u>सेवा, समूह सञ्चालन</u>ः** प्रदेश निजामती सेवा, समूह वा उपसमूहको सञ्चालन सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

**११७. <u>निजामती कर्मचारीले पाउने बिदाः</u>** (१) निजामती कर्मचारीले देहायका बिदा तोकिए बमोजिम पाउने छन्:

(क) भैपरी आउने र पर्व बिदा,

(ख) घर बिदा,

(ग) महिनावारी (पिरियड्स) बिदा,

(घ) बिरामी बिदा,

(ङ) प्रसुति बिदा,

(च) प्रसुति स्याहार बिदा,

(छ) मृत्यु संस्कार बिदा,

(ज) अध्ययन बिदा,

(झ) असाधारण बिदा।

(२) प्रदेश स्वास्थ्य सेवा र तोकिएका अन्य कर्मचारीले उपदफा (१) बमोजिमका बिदा बाहेक तोकिए बमोजिमको सट्टा बिदा समेत पाउने छन्।

(३) बिदा निजामती कर्मचारीको अधिकार होइन सहुलियत मात्र हो।

**११८. <u>बेतलबी बिदा</u>**: (१) कुनै निजामती कर्मचारीको पति वा पत्नी विदेशस्थित नेपाली राजदूतावास वा कुनै नियोगमा खटिएमा त्यस्तो निजामती कर्मचारीले तोकिए बमोजिम बेतलबी बिदा पाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको बिदाको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन।

**११९. <u>भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएका कर्मचारीले सुविधा नपाउने</u>**: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ९७ को उपदफा (२) बमोजिम सेवाबाट बर्खास्त भएको निजामती कर्मचारीले दफा ५२ बमोजिमको सञ्चयकोष, दफा ५३ बमोजिमको सावधिक जीवन

बीमा र दफा ६७ बमोजिमको योगदानमा आधारित निवृत्तिभरण बापत जम्मा भएको रकममध्ये त्यस्तो कर्मचारीले योगदान गरेको रकम र सोको व्याज बाहेक यस ऐन बमोजिमको अन्य कुनै सुविधा पाउने छैन।

तर दफा ९७ को उपदफा (१) बमोजिम सजाय पाई सेवाबाट हटाइएको कर्मचारीले सञ्चित घर बिदा र विरामी बिदा बापतको रकम तथा उपचार खर्च बापतको रकम समेत पाउनेछ।

(२) प्रदेश निजामती सेवाबाट अवकाश प्राप्त व्यक्तिको मृत्यु भई निजको हकवालाले कुनै सुविधा पाउने भएमा त्यस्तो सुविधा पाउने व्यक्तिले अन्य मुलुकको नागरिकता वा स्थायी आवासीय अनुमति पाएको रहेछ भने उपदफा (१) बमोजिमको रकम बाहेक अन्य सुविधा पाउने छैन।

**१२०. <u>प्रदेश निजामती सेवामा पुनः बहाली भएमा पाउने सुविधा</u>**: (१) कुनै निजामती कर्मचारीलाई दफा ९४ को खण्ड (ख) बमोजिम विशेष सजाय भएकोमा सो सजाय अदालतबाट बदर भई निज सेवामा पुनः बहाली भएमा त्यस्तो कर्मचारीले सेवाबाट अवकाश दिइएको, हटाइएको वा बर्खास्त गरिएको मितिदेखि सेवामा पुनः कायम भएको मितिसम्मको बाँकी तलब, भत्ता, चाडपर्व खर्च र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ।

(२) यो ऐन प्रारम्भ हुनु अघि प्रदेश निजामती सेवाबाट अवकाश दिइएको, हटाइएको वा बर्खास्त गरिएको निजामती कर्मचारी अदालतको आदेशद्वारा प्रदेश निजामती सेवामा पुनः

बहाली भएमा त्यस्तो कर्मचारीले समेत उपदफा (१) बमोजिम तलब, भत्ता र तलब वृद्धि पाउनेछ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ९७ को उपदफा (१) को खण्ड (ङ) र (च) बमोजिम सेवाबाट हटाइएको निजामती कर्मचारीले अदालतको आदेशबाट सेवामा पुनः बहाली भएमा कार्यालयमा अनुपस्थित भएको मितिदेखि अदालतबाट पुनः बहाली भई हाजिर भएको अघिल्लो दिनसम्मको तलब, भत्ता र चाडपर्व खर्च पाउने छैन।

१२१. **नोकरी नथामिने**: कुनै निजामती कर्मचारी दफा ९४ को खण्ड (ख) बमोजिम विशेष सजाय पाएकोमा पुनरावेदन परी निजको सेवा पुनःस्थापित हुने भएमा सो निर्णयको सूचना पाएको तीस दिन वा निर्णय भएको एक वर्षमध्ये जुन पहिले हुन्छ सो अवधिभित्र सम्बन्धित कार्यालयमा उपस्थित हुन नआएमा निजको नोकरी थामिने छैन।

१२२. **निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियनः** (१) यस ऐनको अधीनमा रही निजामती कर्मचारीले प्रदेशस्तरका ट्रेड युनियन गठन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम गठन भएका निजामती कर्मचारीका ट्रेड युनियनका सदस्यले निर्वाचन परिणामका आधारमा छनौट गरेका पदाधिकारी रहने गरी निजामती कर्मचारीको एक आधिकारिक ट्रेड युनियन गठन गर्न सक्नेछन् र त्यस्तो आधिकारिक ट्रेड युनियनका गठन तोकिए बमोजिम हुनेछन् ।

(३) आधिकारिक ट्रेड युनियनको निर्वाचन प्रत्येक तीन वर्षमा प्रदेश सरकारले तोकिए बमोजिम गर्नेछ।

(४) आधिकारिक ट्रेड युनियनका सदस्य प्रदेश किताबखानाबाट सङ्केत नम्बर प्राप्त गरेका स्थायी कर्मचारीको प्रत्यक्ष मताधिकारको आधारमा निर्वाचित हुनेछन्।

(५) उपदफा (२) बमोजिम गठन भएको आधिकारिक ट्रेड युनियनको सदस्य मतदाता रहेको निर्वाचक मण्डलबाट सबैभन्दा बढी मत प्राप्त गर्ने सदस्य तोकिए बमोजिमका पदाधिकारीमा निर्वाचित भई प्रदेशस्तरको निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियन गठन हुनेछ।

(६) प्रदेशस्तरको आधिकारिक ट्रेड युनियनमा समानुपातिक समावेशिताको आधारमा अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र सात जना सदस्य गरी कुल एघार जना सदस्य रहनेछन्।

(७) यस दफा बमोजिम ट्रेड युनियन सेवागत, राजनीतिगत, जातीगत, लैङ्गिक, पदीय, तहगत एवम् क्षेत्रगत हुने छैन।

(८) आधिकारिक ट्रेड युनियनले कर्मचारीको सामुहिक हक हितको संरक्षण तथा सम्बर्द्धनका लागि तोकिए बमोजिम सामूहिक सौदाबाजी तथा छलफल गर्न पाउनेछ।

(९) निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियनमा कार्यालय प्रमुख भई काम गर्नु पर्ने बाहेक अधिकृतस्तर सातौं, आठौं वा सो भन्दा मुनिका कर्मचारी सदस्य हुन सक्नेछन्।

तर कुनै ट्रेड युनियनका सदस्य कार्यालय प्रमुख भई काम गर्नु परेमा त्यस्तो कार्यालयको कार्यालय प्रमुखको रुपमा हाजिर हुनु भन्दा अगाडि ट्रेड युनियनको सदस्य पदबाट राजिनामा दिनु पर्नेछ।

(१०) प्रदेश निजामती सेवालाई प्रभावकारी र गतिशील बनाउन प्रदेश सरकारलाई रचनात्मक सुझाब दिनु र सहयोग गर्नु आधिकारिक ट्रेड युनियनको कर्तव्य हुनेछ र प्रदेश निजामती सेवालाई तटस्थ, मर्यादित, सदाचारयुक्त, अनुशासित, जनमुखी, परिणाममुखी र व्यावसायिक बनाउन क्रियाशील हुनु आधिकारिक ट्रेड युनियनको जिम्मेवारी हुनेछ।

(११) आधिकारिक ट्रेड युनियनको पदाधिकारी वा सदस्य भएको कारणले कुनै पनि कर्मचारीले पदीय जिम्मेवारी बमोजिमको काम गर्नबाट उन्मुक्ति वा छुट वा कुनै विशेष सुविधा पाउने छैन र आफ्नो पदीय जिम्मेवारी पूरा गर्नु त्यस्तो पदाधिकारी तथा सदस्यको कर्तव्य हुनेछ। प्रदेश सरकारसँग वार्ता गर्ने विषय बाहेक ट्रेड युनियनका अन्य काम कार्यालय समय बाहिर र कार्यालयको काममा बाधा नपर्ने गरी गर्नु पर्नेछ।

(१२) आधिकारिक ट्रेड युनियनको अध्यक्ष र उपाध्यक्ष फरक लिङ्गको हुनु पर्नेछ तथा एउटै व्यक्ति एक कार्यकाल भन्दा बढी आधिकारिक ट्रेड युनियनको अध्यक्ष पदमा रहने छैन।

(१३) उपदफा (१) बमोजिमका प्रदेश स्तरका ट्रेड युनियनको दर्ता र गठन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२३. **<u>निजामती कर्मचारीको पिरमर्का, गुनासो र सुनुवाईको व्यवस्थाः</u>** (१) निजामती कर्मचारीले यो ऐन वा प्रचलित कानून बमोजिम अन्यत्र उजुरी वा पुनरावेदन गर्न पाउने व्यवस्था भएकोमा बाहेक यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम प्रदान गरिएका सेवा, शर्त, सुविधा र कर्मचारीसँग सरोकार राख्ने विषयमा आफुलाई

पिरमर्का परेको छ भन्ने लागेमा वा सो सम्बन्धमा सम्बन्धित निकायलाई जानकारी गराउँदा समेत कारबाही नभएमा निजले आफूलाई परेको पिरमर्का तथा गुनासो प्रमुख निकायमा तोकिए बमोजिम राख्न सक्नेछ।

(२) निजामती कर्मचारीको पिरमर्का, गुनासो र सुनुवाई सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१२४. <u>बरबुझारथ गर्नुपर्नेः</u>** कुनै निजामती कर्मचारीले आफूले बुझाउनु पर्ने नगदी, जिन्सी वा कागजात तोकिएको म्यादभित्र सम्बन्धित कर्मचारीलाई बरबुझारथ गर्नु पर्नेछ र सो बुझ्नुपर्ने कर्मचारीले सोही म्यादभित्र बुझी लिनु पर्नेछ।

**१२५. <u>अपाङ्गता भएको कर्मचारीका लागि विशेष व्यवस्थाः</u>** (१) अपाङ्गता भएको निजामती कर्मचारीको पदस्थापन वा सरुवा गर्दा निजको अपाङ्गताको अवस्थालाई ध्यान दिई सम्भव भएसम्म उपयुक्त स्थानमा गर्नु पर्नेछ।

(२) अपाङ्गता भएको निजामती कर्मचारीको कार्य सहजताको लागि कार्यालय प्रमुखले कार्य वातावरण र कार्यालयको भौतिक संरचना अपाङ्गमैत्री बनाउन तथा निजको कामलाई सहजीकरण गर्न आवश्यक व्यवस्था गर्नु पर्नेछ।

**१२६. <u>यस ऐन बमोजिम सुविधा नपाउनेः</u>** (१) प्रदेशभित्र समायोजन भएका वा संघीय लोक सेवा आयोग वा प्रदेश लोक सेवा आयोगको सिफारिसमा पदपूर्ति भएकोमा बाहेक संघ, अन्य प्रदेश वा जुनसुकै स्थानीय तहबाट कामकाज वा काजमा खटिएका कर्मचारीले यो

ऐन बमोजिम हुने तह वृद्धि, बढुवा, उपदान, निवृत्तिभरण लगायतका सुविधा पाउने छैन।

(२) प्रदेश सरकारका निकायले आफ्नो निकाय मातहत पदाधिकार रहेका कर्मचारी बाहेक अन्य प्रदेश वा जुनसुकै स्थानीय तहबाट कामकाज वा काजमा खटिएका कर्मचारीको सम्बन्धमा उपदफा (१) बमोजिमको सुविधा दिने गरी निर्णय गर्न सक्ने छैनन्।

१२७. **कर्मचारी कल्याण कोषको स्थापना र सञ्चालन**ः प्रदेश सरकारले प्रदेश निजामती सेवाका बहालवाला कर्मचारी, अवकाश प्राप्त कर्मचारी र निजको परिवारको सदस्यको कल्याणका लागि तोकिए बमोजिम कल्याणकारी कोष स्थापना गर्न सक्नेछ।

१२८. **पुरस्कार सम्बन्धी व्यवस्थाः** (१) प्रदेश सरकारले विशिष्ट सेवा गरेका लगनशील, इमान्दार, नैतिकवान् र कार्यसम्पादनमा उत्कृष्ट कर्मचारीलाई सर्वोत्कृष्ट र उत्कृष्ट कर्मचारी पुरस्कारबाट प्रत्येक वर्ष प्रदेश सरकारले तोकेको प्रदेश निजामती सेवा दिवसको दिन सम्मान गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदान गर्ने पुरस्कार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२९. **प्रदेश सरकारले सेवा निवृत्त पूर्व कर्मचारीको सेवा लिन सक्ने**ः (१) संघीय निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सेवाबाट अवकाश प्राप्त गरी निवृत्तिभरण पाईरहेका कर्मचारीसँग प्रदेश सरकारले आवश्यक सेवा लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सेवा उपलब्ध गराउनु त्यस्ता सेवा निवृत्त पूर्व कर्मचारीको कर्तव्य हुनेछ।

१३०. **नेतृत्व परीक्षणः** प्रदेश सरकारको प्रदेश सचिवको जिम्मेवारी लिनु अघि एघारौं तह वा सो सरहका कर्मचारीको तोकिए बमोजिम नेतृत्व परीक्षण गरिनेछ।

१३१. **व्यवस्थापन परीक्षणः** (१) प्रदेश लोक सेवा आयोगको कार्यक्षेत्र भित्रका विषय बाहेक प्रमुख निकायले प्रदेश सरकारका विभिन्न निकायमा कार्यरत निजामती तथा अन्य सरकारी सेवाका कर्मचारीले प्रचलित कानून तथा अन्य प्रशासकीय नियम र कार्यविधिको पालना गरे नगरेको सम्बन्धमा सुपरीवेक्षण, अनुगमन र मूल्याङ्कन गरी व्यवस्थापन परीक्षण गर्नेछ।

(२) उपदफा (१) बमोजिम व्यवस्थापन परीक्षण गर्दा आवश्यकता अनुसार निर्देशन दिन तथा कुनै प्रशासकीय अनियमितता देखिएमा सम्बन्धित निजामती तथा अन्य सरकारी सेवाका कर्मचारी उपर विभागीय कारबाही गर्न सम्बन्धित अधिकारीलाई लेखी पठाउन सकिनेछ।

(३) प्रमुख निकायले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले एक सय बीस दिनभित्र व्यवस्थापन परीक्षणको वार्षिक प्रतिवेदन प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ।

१३२. **अधिकार प्रत्यायोजनः** (१) प्रदेश सरकारले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार प्रदेश राजपत्रमा

सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको निजामती कर्मचारी वा अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(२) यस ऐन बमोजिम कुनै अधिकारीलाई प्राप्त अधिकार आफ्नो सामान्य रेखदेखमा रही प्रयोग गर्ने गरी निजले आफू मातहतका निजामती कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

तर दफा १०३ को उपदफा (१) बमोजिम सफाइको मौका दिने प्रयोजनको लागि अधिकार प्रत्यायोजन गर्ने बाहेक विभागीय सजाय गर्ने सम्बन्धी अधिकार प्रत्यायोजन गर्न पाइने छैन।

**१३३. कर्मचारी अभिलेख सम्बन्धीः** (१) प्रदेश निजामती सेवा र स्थानीय सेवाका कर्मचारीको अभिलेखको लागि प्रदेश किताबखाना स्थापना गर्न सकिनेछ।

(२) प्रदेश किताबखाना स्थापना नहुन्जेलसम्म कर्मचारीको अभिलेख राष्ट्रिय किताबखानामा रहनेछ । प्रदेश किताबखानाको स्थापना भए पश्चात् प्रदेश निजामती सेवा र स्थानीय सेवाका कर्मचारीको विवरण राष्ट्रिय किताबखानाबाट प्राप्त गरी प्रदेश किताबखानाले व्यवस्थापन गर्नेछ।

**१३४. प्रदेश सभा सचिवालयका कर्मचारी सम्बन्धीः** प्रदेश सभा सचिवालयमा रहने कर्मचारी व्यवस्थापन सम्बन्धी छुट्टै ऐन नबनेसम्मका लागि पदपूर्ति र कर्मचारी व्यवस्था यसै ऐन बमोजिम हुनेछ।

१३५. **<u>करार कर्मचारी सम्बन्धीः</u>** (१) करारका कर्मचारीहरुलाई सामाजिक सुरक्षा योजनामा तोकिए बमोजिम समावेश गरिनेछ।

(२) उपदफा (१) बमोजिम सामाजिक सुरक्षा योजनाको अवधि त्यस्तो कर्मचारीको करार सम्झौतामा उल्लिखित हुनेछ।

(३) करारका कर्मचारीहरुले निजामती कर्मचारीले पाए सरहको भैपरी र पर्व बिदा, घर बिदा, बिरामी बिदा, काजक्रिया बिदा, प्रसुती बिदा, प्रसुती स्याहार बिदा, महिनावारी बिदा पाउँनेछन्।

(४) करारका कर्मचारीले निजामती कर्मचारीले पाए सरहको पोसाक भत्ता, चाडपर्व खर्च र मंहगी भत्ता पाउनेछन्।

१३६. **<u>विज्ञको रुपमा काम लिन सक्नेः</u>** लुम्बिनी प्रदेश भित्रका कुनै नागरिकले मान्यता प्राप्त विश्वविद्यालयबाट स्वर्ण पदक प्राप्त गरेमा त्यस्ता विद्यार्थीको क्षमतालाई उपयोग गर्न लुम्बिनी प्रदेश सरकारले दुई वर्षको करार सम्झौता गरी योजना, विकास र सार्वजनिक प्रशासन लगायतका क्षेत्रमा तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधा दिई विज्ञको रुपमा काममा लगाउन सक्नेछ।

१३७. **<u>स्थानीय सेवाको मार्गदर्शन र कर्मचारी सरुवा सम्बन्धी</u>**ः (१) स्थानीय तहमा कार्यरत स्थानीय सेवाका स्थायी कर्मचारीको सरुवा, सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्था प्रदेश कानून बमोजिम हुनेछ।

(२) यस ऐनले निर्धारण गरेका कर्मचारीको सेवा, शर्त, सुविधा, पदपूर्ति, विभागीय सजाय, कारबाही र कर्मचारी व्यवस्थापन लगायतका विषय स्थानीय सेवाको कानून बनाउँदा मार्गदर्शनको रुपमा लिनु पर्नेछ।

**१३८. <u>नियम बनाउने अधिकार</u>**ः (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियमहरु बनाउँदा प्रदेश सरकारले सबै प्रदेश निजामती सेवामा सामान्य रुपले लागू हुने वा बेग्ला बेग्लै सेवा वा समूहको लागि पृथक रुपले लागू हुने गरी नियमहरु बनाउन सक्नेछ।

**१३९. <u>निर्देशिका, कार्यविधि, मापदण्ड वा आचारसंहिता बनाउन सक्ने</u>**ः यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही प्रदेश सरकारले आवश्यक निर्देशिका, कार्यविधि, मापदण्ड वा आचारसंहिता बनाउन सक्नेछ।

**१४०. <u>बचाउ</u>**ः (१) यो ऐन प्रारम्भ हुनुपूर्व प्रदेशमा समायोजन भएका निजामती कर्मचारीको सरुवा, बढुवा, पदस्थापना, सङ्गठन सर्वेक्षण तथा व्यवस्थापन परीक्षण लगायत कर्मचारीको सम्बन्धमा भए गरेका काम, कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(२) प्रदेश लोक सेवा आयोग गठन भए पश्चात प्रदेशमा प्रदेश लोक सेवा आयोगको सिफारिसमा भएका पदपूर्ति, पदस्थापना,

बढुवा, विभागीय कारबाही लगायतका कार्य यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(३) यस अघि प्रदेश लोक सेवा आयोगमा माग भई प्रतिशत निर्धारण भई बढुवाका लागि छुट्याईएका पदको विज्ञापन सोही प्रयोजनका लागि गरिनेछ।

प्रमाणीकरण मितिः २०८०।०८।२१

**आज्ञाले**
**सुमन घिमिरे**
**प्रदेश सचिव**
**प्रदेश सरकार**

प्रकाशनः लुम्बिनी प्रदेश सरकार, गृह मन्त्रालय